# बालविवाह अन्त्यका लागि रणनीतिक योजना, २०८०

(आ.व. २०८०/८१-२०८४/८५)

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

**बालविवाह अन्त्यका लागि रणनीतिक योजना, २०८०**

**सर्वाधिकार © परोहा नगरपालिका**

**परोहा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

वेभसाईटः www.parohamun.gov.np

इमेलः info@parohamun.gov.np

फोनः ९८५५०४४०२३

आर्थिक तथा प्राविधिक सहयोगः UNFPA/ VSO/Aasaman Nepal

पत्र. सं.: २०८०/८१
चलानी नं.:

मितिः .....................

**मन्तव्य**

नेपालको संविधानको धारा ३९ को उपधारा ५ ले कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक बनाउन नपाइने गरी बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ। यसैगरी उपधारा १० ले यी कार्यलाई संघीय कानून बमोजिम दण्डनीय बनाउँदै पीडित व्यक्तिलाई पीडकबाट क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरेको छ। विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने, आफनो भविष्यको मार्गचित्र तय गर्ने र स्वतन्त्रतापूर्वक आफ्नो जीवनसाथी छान्न पाउने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनु पर्दछ। बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन्।

सामाजिक, आर्थिक एवम् सांस्कृतिक समस्याका रूपमा रहेका बालविवाहलाई अन्त्य गर्न सबै क्षेत्रहरूबाट चासो, चिन्तन र प्रयास भई रहेको सन्दर्भमा यस नगरपालिकाले पनि बालविवाह अन्त्यका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु नै बालविवाह अन्त्यका लागि शुरुवात गर्नु हो। यस रणनीतिक योजनाको कार्यान्वयनमा नगरपालिका भित्रका नागरिक समाज, सञ्चार जगत, विद्यालय, गैरसरकारी संघसंस्था, आमा समूह लगायत अन्य विकास साझेदार संस्थाहरूसंग सहयोग र सहकार्यको अपेक्षा रहेको छ। यो रणनीतिक योजना परोहा नगरपालिकामा हुने बालविवाह अन्त्य गर्न कोसेढुंगा सावित हुनेछ भने विश्वास रहेको छ। अन्त्यमा, यस नगरपालिकाको बालविवाह अन्त्यका लागि रणनीतिक योजना तर्जुमा कार्यमा अहम् भूमिका निर्वाह गर्नु हुने रणनीतिक योजना मस्यौदा समिति लगायत सम्बन्धित शाखा, कर्मचारीहरू, जनप्रतिनिधिहरू तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

शेख वकील
नगर प्रमुख

मितिः २०८०/०९/२५

परोहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

पत्र. सं.: २०८०/८१ मितिः .......................
चलानी नं.:

## भूमिका

परिवार, समुदाय र समाज एक अर्काका परिपुरक हुन् । एक सचेत परिवारले मात्र समृद्ध र समुन्नत समाजको निर्माण हुन्छ । परिवारको उदगम विन्दु विवाह नै हो । विवाह गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हुन्छ । विवाहको लागि परिपक्वताको आवश्यकता पर्ने हुनाले देशको संविधान वा कानूनद्वारा विवाहको लागि निश्चित उमेर निर्धारण गरिएको हुन्छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ (१) मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह र्गन वा गराउन हुदैन भन्ने उल्लेख रहेको छ । सो को वरिपरि भएको विवाह स्वत: बदर हुनेछ भन्ने समेत व्यवस्था गरिएको छ । बालविवाहको अन्त्य सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक एवम् कानूनी मुद्दा बनेको छ । बालविवाह अन्त्य गर्नु सरकार, गैरसरकारी संघसंस्था तथा विकास साझेदार संस्थाहरूको साझा सबाल बनेको छ ।

यस नगरपालिकामा बालविवाह अन्त्यका लागि UNFPA (संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष), VSO र आसमान नेपालले विगत केहि वर्षदेखि सहयोग र सहकार्य गर्दै आएको छ । UNFPA, VSO र आसमान नेपालको आर्थिक एवम् प्राविधिक सहयोगमा यस नगरपालिकामा बालविवाह अन्त्यका लागि पञ्च वर्षीय रणनीतिक योजना तर्जुमा भई कार्यान्वयन हुन लागेकोमा हामीलाई निकै उत्साहित बनाएको छ । बालविवाह अन्त्यका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनको अवस्थामा ल्याउनु भएकोमा रणनीतिक योजना मस्यौदा समितिका सम्पूर्ण सदस्यहरूलाई लगायत सम्बद्ध सरोकारवालाहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । यस नगरपालिकामा आगामी ५ वर्षभित्र बालविवाहलाई पूर्ण रूपमा अन्त्य गर्न यो रणनीतिक योजना सहायक सिद्ध हुनेछ भन्ने विश्वासका साथ यो बालविवाह अन्त्यका लागि रणनीतिक योजनाको सफल कार्यान्वयनको लागि सबैमा सफलताको शुभकामना व्यक्त गर्दछु ।

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०/०९/२५

# विषय सूची

१. पृष्ठभूमि ........ ६

२. अन्तराष्ट्रिय र क्षेत्रीय कानूनी व्यवस्था तथा प्रतिबद्धता ........ ९

३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था ........ १०

४. वर्तमान अवस्था ........ १४

५. परोहा नगरपालिकाको परिचय र अवस्था ........ १५

६. बालविवाहका कारणहरू ........ १६

७. बालविवाहका असरहरू ........ १७

८. अवस्था विश्लेषण ........ १८

९. रणनीतिक योजनाको आवश्यकता ........ २०

१०. रणनीतिक योजना तर्जुमाको औचित्य ........ २०

११. रणनीति तर्जुमा प्रक्रिया ........ २१

१२. रणनीतिक योजना तर्जुमा विधिहरू ........ २२

१२.१ प्राथिमक सूचना संकलन ........ २२

१२.२ द्वितीय सूचना संकलन ........ २२

१३. रणनीति योजनाका सिद्धान्तहरू ........ २३

१४. दूरदृष्टिः ........ २३

१५. ध्येयः ........ २३

१६. लक्ष्यः ........ २४

१७. उद्देश्य ........ २४

१८. रणनीति ........ २४

१९. कार्यनीति ........ २४

२०. अपेक्षित उपलब्धिहरू ........ २९

२१. बालविवाह मुक्त वडा र नगरपालिका घोषणा प्रक्रियागत चरणहरू ........ ३०

२२. बालविवाह नगरपालिका घोषणाका सूचकहरू ........ ३१

२३. कार्ययोजना ........ ३३

२४. सरोकारवाला निकायको पहिचान र भूमिका ........ ४१

२५. श्रोत व्यवस्थापन ........ ५३

२६. रणनीति कार्यान्वयन समिति ........ ५३

२७. अनुगमन तथा मूल्याङ्कन ........ ५४

२८. जोखिम पहिचान तथा व्यवस्थापन ........ ५५

२८.१ सम्भावित जोखिमहरू ........ ५५

२८.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने पक्षहरू ........ ५५

# बालविवाह अन्त्यका लागि रणनीतिक योजना, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२६

## १. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनु पर्दछ। मानव अधिकारको दृष्टिकोणबाट हरेक ब्यक्तिलाई स्वतन्त्र पूर्वक आफ्नो जीवनसाथी छान्न पाउने हक सुनिश्चित हुनु पर्दछ। प्राय सवै मुलुकहरूले विवाहको लागि न्यूनतम उमेर तोकेका पाईन्छन्। विवाहको विश्वव्यापी स्वीकृत परिभाषा नभए पनि मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ६७ मा उल्लेख भए अनुसार यदि पुरुष तथा महिलाले एक अर्कालाई कुनै पनि अवसर, समारोह, वा कुनै औपचारिक कार्यमा पति तथा पत्नीको रुपमा स्वीकार गरे उनीहरू बीच विवाह भएको मानिन्छ। नेपालको मूलुकी ऐनमा महिला र पुरुषको उमेर बीस वर्ष नपुगी विहावरी गर्न वा गराउन नहुने उल्लेख छ। नेपालको संविधानले बालविवाहलाई पहिलो पटक बाल अधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ।

संयुक्त राष्ट्र संघको परिभाषा अनुसार बालविवाह भन्नाले बालिका वा बालक दुबै वा एकले १८ वर्ष नपुग्दै औपचारिक रूपमा विवाह गरेको अवस्था वा अनौपचारिक रूपमा श्रीमान/श्रीमती जस्तै गरी एकसाथ रहेको (Living Together) अवस्था भन्ने बुझिन्छ। बाल अधिकार सम्बन्धी महासन्धिको धारा १ मा प्रस्तुत महासन्धिको प्रयोजनको लागि बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिले नै साबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्ष भन्दा कम उमेरका प्रत्येक मानव जाति सम्झनु पर्छ भनी उल्लेख गरिएको छ। नेपालको कानूनले पनि १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ।

बाल्यकाल मानव जीवनको सबैभन्दा संवेदनशील र महत्वपूर्ण अवस्था भएको हुँदा बालबालिकाको हेरचाह र संरक्षणमा परिवार, समुदाय र राज्यले विशेष ध्यान दिन जरूरी छ। तर समाजमा बालबालिकाको हितविरूद्ध बालविवाह जस्तो हानिकारक अभ्यासले प्रश्रय पाइरहेको छ। वास्तवमा बालविवाह विश्वका सबै महादेश र मुलुकमा विद्यमान एक जटिल अन्तर्राष्ट्रिय समस्या हो। बालविवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन्। बिशेष गरी बालिका र महिलाको सन्दभमा बालविवाह ले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ। बालविवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरूले वालिका र महिलाहरू थप प्रताडित हुन पुग्दछन। कालान्तरमा समाज विकास प्रकृयामा

महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ।

बालविवाहका कारण बाल अधिकारको गम्भीर उल्लंघन हुन्छ भने यसले बालापनलाई निर्मम तरिकाले कटौती गर्छ। शारीरिक र भावनात्मक परिपक्वता हासिल नहुँदै विवाह बन्धनमा बाँधिनु पर्दा बालिका (आमा) र उनका सन्तानको स्वास्थ्य प्रतिकूलता, न्यून पोषण र अकाल मृत्युले प्रश्रय पाइरहेको छ। बालविवाहले बालबालिकाको विकास अवरूद्ध पार्नुका साथै मुलुकहरूलाई न्यून पोषण, प्रतिकूल यौन तथा प्रजनन् स्वास्थ्य परिणाम, उच्च जन्म तथा मातृशिशु मृत्यु दर, न्यून शैक्षिक स्तर, औपचारिक श्रम बजारमा महिलाहरूको न्यून सहभागिता, आर्थिक उत्पादकत्वमा कमी, बहुविवाह, घरेलु तथा लैङ्गिक हिंसाका दुष्परिणामहरू भोग्न बाध्य बनाएको छ। यसप्रकार बालविवाहको प्रचुरताले गर्दा खासगरी विकासोन्मुख राष्ट्रहरूको समग्र सामाजिक आर्थिक विकासको गति पछाडी धकेलिएको छ भने गरीबी निवारण चुनौतीको विषय बनेको छ। बालविवाह सम्बन्धी एक अध्ययनले यो समस्याका कारण विकासशील राष्ट्रहरूका निम्ति दिगो विकास लक्ष्य पूरा गर्ने समय सन् २०३० सम्म पुग्न खरबौं डलरको आर्थिक मूल्य चुकाउनु पर्ने अवस्था रहेको देखाएको छ।

बालविवाह पनि लैङ्गिक हिंसाको एक स्वरुप हो। अतः नेपालको संविधान, २०७२ ले पहिलो पटक यसलाई बाल अधिकार हननको रुपमा लिदै दण्डनीय बनाएको छ। नेपालको संविधान, २०७२ को धारा ३९ को उपधारा ५ ले कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्तधक बनाउन नपाइने गरी बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ। यसैगरी उपधारा १० ले यी कार्यलाई संघीय कानून बमोजिम दण्डनीय बनाउँदै पीडित व्यक्तिलाई पीडकबाट क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरेको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ (१) मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह र्गन वा गराउन हुदैन भन्ने व्यवस्था गरी सो को वरिपरि भएको विवाह स्वत: बदर हुनेछ भन्ने व्यवस्था गरिएको छ। साथै उक्त ऐनको उपदफा (३) मा उक्त कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र बीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरिएको छ। त्यस्तै मुलुकी देवानी संहिता २०७४ को दफा ७० को उपदफा १ को खण्ड घ मा पनि विवाह गर्नको लागि केटा र केटी दुबैको उमेर २० वर्षु पुरा भएको हुनु पर्ने भनी उल्लेख गरेको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) को खण्ड (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको हिंसा मानेको छ र सो कार्य गरेमा सोही ऐनको दफा ७२ को उपदफा ३ को खण्ड (ख) बमोजिम पचहत्तर हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (२) (ग) ३२, मा बालविवाह, बहुविवाह, लैंङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । दिगो विकासका लक्ष्यहरू (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषय समेत समावेश गरिएको छ । सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ ।

सार्कसँग आबद्ध रहेको "बालबालिका माथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र बालविवाह विरुद्धको प्रयास पनि हो । यसले सार्क मुलुकहरूमा "बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia, 2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र मार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरू केन्द्रित गरेको छ । उक्त रणनीति अनुकूल नेपाल सरकारले २०७१ साल कार्तिकमा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाण्डौं आह्वान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पारित गरिएको थियो ।

बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुर्याउने परिकल्पनाका साथ २०८७ सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ । यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रिय देखि स्थानीय स्तर सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाह मुक्त स्थानीय तह अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यस अनुरुप बालविवाह मुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ ।

विगतमा अन्तर्राष्ट्रिय समुदायले बालविवाहका कारक तत्वहरूको अध्ययन विश्लेषण, बालविवाह विरूद्ध सचेतना र पैरवी नीति, कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग र यो मुद्दालाई अन्तराष्ट्रियकरण गरिरहेकोमा सन २०३० सम्ममा यसको अन्त्य गर्ने प्रतिवद्धता जनाएको छ । दिगो विकास लक्ष्य नं ५ हासिल गर्न बालविवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह लगायत सबै प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य अपरिहार्य छ ।

मधेश प्रदेश सरकारले आ.व. २०७६/७७ का लागि घोषणा गरेको प्रदेश नीति तथा कार्यक्रममा बालिकाको विशेष संरक्षणको लागि बालिका संरक्षण सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने तथा प्रदेशमा दिनानुदिन बढ्दै गइरहेको महिला तथा बालिका विरुद्धका हिंसा न्यूनीकरण गर्न महिला हिंसा न्यूनीकरण, अनुगमन कार्यदल गठन गरी दाइजो, बालविवाह, अनमेल विवाह, बोक्सी, छुवाछुत जस्ता सामाजिक कुरीतिलाई पूर्ण बन्देज गर्न प्रदेश सरकारले "बेटी पढाऔं, बेटी बचाऔं" अभियान अघि बढाएको छ।

## २. अन्तराष्ट्रिय र क्षेत्रीय कानूनी व्यवस्था तथा प्रतिबद्धता

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा १६ (१) मा विवाह गर्ने विषयमा महिला र पुरुषको समान अधिकार हुने, स्वतन्त्रता पूर्वक जीवनसाथी छान्न पाउने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र वैवाहिक सम्बन्ध स्थापित गर्ने अधिकार सुनिश्चित गरेको छ। महासन्धिको धारा १६ (२) मा बालबालिकाको विवाह कानूनी प्रभाव शून्य हुने व्यवस्था गरेको छ। यसैगरी बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ले समेत बालबालिकाको हक अधिकार सुनिश्चित गरेको छ। सन् २०१६ को मार्च १६ मा बसेको मानव अधिकार परिषद्को ३१ औं बैठकको कार्यदलको प्रतिवेदनमा लैङ्गिक असमानता उन्मूलन गर्न प्रयासहरू बढाउने र बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्ने तथा बालविवाह, बलपूर्वक विवाह र ओसारपसारको निवारण सहित बालबालिका माथिको हिंसा नियन्त्रणका लागि प्रयासहरू सुदृढ गर्ने र यसका लागि मुख्यतः परिवारहरूको माझमा सचेतना बढाउने कार्यक्रमहरू लैजाने उल्लेख गरिएको छ।

नेपालले जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना (Program of Action adopted at the International Conference on Population and Development), १९९४; चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा लैङ्गिक समानता कायम गर्ने, महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने र बाल अधिकारलाई प्रवर्द्धन गर्ने प्रतिवद्धता जनाएको छ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह, कम उमेरमा हुने विवाह तथा जवरजस्ती विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू सम्बन्धी संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सहप्रायोजन गरी बालविवाह विरूद्ध प्रतिवद्धता जाहेर गरेको छ। सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जबरजस्ती हुने विवाह विषयको प्रस्ताव पारित गरिए पछि बालविवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन्।

सन २०१४ मा बेलायतमा सम्पन्न उच्चस्तरीय शिखर सम्मेलनमा सन २०२० सम्ममा मुलुकबाट बालविवाह अन्त्य गर्ने प्रतिबद्धता पनि जाहेर गरेको छ। दक्षिण एसियामा "बालबालिका माथि हुने हिंसा विरूद्धको दक्षिण एशियाली

पहल" (SAIEVAC) ले अघि सारेको बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५-२०१८) मा पनि राष्ट्रिय संयन्त्र मार्फत बालविवाह विरूद्ध अभियान केन्द्रित गर्ने बारे प्रतिवद्धता जनाएको छ । यसका अतिरिक्त नेपालको नेतृत्वमा २०१४ नोभेम्बरमा सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" पारित गरिएको छ । विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को लक्ष्य प्राप्तिका लागि बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्य (SDGs) को सूचीमा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ राखिएको छ । सोही अनुरुपमा नेपाल सरकारले पनि सन् २०३० सम्ममा बालविवाहमुक्त राष्ट्रको रुपमा अन्तर्राष्ट्रिय स्तरमा चिनिने लक्ष्य राखेको छ ।

नेपाल बालअधिकार सम्बन्धी महासन्धि (CRC), १९८९; महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि (CEDAW), १९७९; नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR), १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICESCR), १९६६, यातना विरूद्धको महासन्धि (CAT), १९८४; जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकार प्रवर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि लगायत विभिन्न मानव अधिकार सम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र हो । उक्त महासन्धि तथा ईच्छाधीन आलेखहरू मार्फत विशेषतः बालअधिकार संरक्षणको क्षेत्रमा नेपालले प्रतिवद्धता जाहेर गरेको छ । साथै नेपाल दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, २००२ को पक्ष राष्ट्र पनि बनेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।

## ३. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था

नेपाल सरकारले बालविवाह अन्त्यका लागि विशेष प्राथमिकता दिएर यसलाई संविधानमा नै निषेध गरी यसका विरुद्ध आवश्यक कानुन, रणनीतिहरू निर्माण गरी लागु गरेको छ भने प्रदेश सरकार तथा स्थानीय तहहरूले पनि आ-आफ्नो तहमा कानुनी प्रावधानहरू तथा कार्यविधि र रणनीतिहरू लागू गरी बालविवाह अन्त्यका लागि काम गरिरहेका छन् । ती ऐन, कानुन, नीति तथा कार्यविधिहरूमा निम्न कानूनी व्यवस्था गरेका छन्-

**(क) नेपालको संविधान**: नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिला विरूद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरूद्धको हक सुनिश्चित गरी त्यस्तो कार्य दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत मौलिक हकको रूपमा व्यवस्था गरेको छ । त्यसै गरि संविधानको धारा ३९

मा बालबालिकाको हकको व्यवस्था भएको छ । सो अन्तर्गत उपधारा (५) मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न तथा बन्धक बनाउने विरूद्धको मौलिक हक प्रत्याभूत गरेको छ । त्यसैगरी सोही उपधारा (१०) मा उपधारा (५) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ ।

**(ख) मुलुकी अपराध संहिताः** मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० बर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने, त्यस्तो विवाह गराएमा स्वतः बदर हुने र त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैंयासम्म जरिवाना हुने व्यवस्था गरेको छ । साथै सो संहिताको करणी सम्बन्धी कसूर अन्तगर्त १८ वर्ष भन्दा कम उमेरको बालिकालाई मन्जुरी लिएर करणी गरेको अवस्थामा समेत जबरजस्ती करणीको कसूर हुने र त्यस्तो कसूर गरेकोमा बालिकाको उमेरको अवस्था हेरी कम्तीमा दश वर्ष र अधिकतम जन्मकैदको सजाय र जरिवाना समेत हुने गरी जघन्य अपराधको रूपमा व्यवस्था गरिएको छ । यसप्रकार १८ वर्ष मुनिको बालिकासँग बालविवाह गरी कायम गरिएको यौन सम्पर्क पनि कसूर ठहर हुने भई विवाह गर्ने र यौन सम्बन्ध कायम गर्ने व्यक्तिलाई समेत कठोर सजाय हुने व्यवस्था छ । सर्वोच्च अदालतबाट बालविवाहलाई बैध विवाह नमानिने र करणी लिनु दिनु कार्य कानूनसम्मत नभई जबरजस्ती करणी मानिने भनि सिद्धान्त समेत प्रतिपादन भएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्बन्धी कसूरलाई नेपाल सरकारवादी भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ ।

**(ग) मुलुकी देवानी संहिताः** मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ मा कुनै पुरूष वा महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने छ भनी व्यवस्था गरेको पाइन्छ । सो संहिताले विवाहको लागि पुरूष वा महिलाको कम्तीमा बीस वर्ष उमेर पूरा भएको हुनु पर्ने, त्यस्तो उमेर नपुगेकाबीचमा विवाह गर्न वा गराउन नहुने र यदि विवाह गरेमा स्वत बदर हुने व्यवस्था गरेको छ ।

**(घ) बालबालिका सम्बन्धी ऐनः** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२)(ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ । यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ । साथै सो ऐनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

**(ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन:** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा पञ्जिकाधिकारी समक्ष विवाह दर्ता गराउँदा स्वतः वदर हुने विवाह लगायतका व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र दिन नहुने, त्यस्तो घटना दर्ता गर्न ल्याएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको छ।

**(च) स्थानीय सरकार सञ्चालन ऐन:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ को उपदफा २ को बुंदा नं. (ग ३२) अनुसार बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्ने गराउने । त्यसैगरी सोही ऐनको दफा १०२ (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफनो अधिकार क्षेत्रभित्रका विषयमा बालविवाह लगायत अन्य ऐन बनाउन सक्ने अधिकार रहेको छ।

**(छ) प्रदेश बाल अधिकार सम्बन्धी ऐन:** प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ बालबालिकाको अधिकारको सम्वर्धन, संरक्षण, प्रवर्धन एवम् परिपूर्ति गर्दै सबै बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवम् भावनात्मक विकास गरी सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानुनी व्यवस्था गर्न बनाएको हो ।

**(ज) बालबालिका सम्बन्धी राष्ट्रिय नीति:** बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रूपमा पहिचान गरेको छ। सो नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकास साझेदारहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बालविवाह विरूद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिने भनिएको छ। यसैगरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाह विरूद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गर्न र नगरस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

**(झ) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति:** बालमैत्री एवं लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुर्याउने परिकल्पना गर्दै बालविवाह मुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ध्येय र सन् २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ तयार पारेको छ। राष्ट्रिय रणनीतिले बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन र आवश्यकता अनुसार कानूनको संशोधन एवं परिमार्जन गर्ने, आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, बालविवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने,

बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघसंगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने, बालबालिका विशेषतः बालविवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नुपर्ने कठिनाई तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने, बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने र नेपाल सरकार तथा विकास साझेदारहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने भनी उद्देश्य राखेको छ ।

यसका साथै राष्ट्रिय रणनीतिले बालविवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्त (Theory of change) मा आधारित भई बालिका र किशोरीहरूको सशक्तीकरण गर्ने, बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, बालक, किशोर तथा पुरुषहरूको सहभागिता प्रवर्द्धन गर्ने परिवार र समुदायको परिचालन गर्ने, बालविवाहको जोखिममा रहेका र बालविवाहबाट प्रभावितहरूलाई सेवा प्रवाह गर्ने एवं कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन गर्ने जस्ता रणनीति समावेश भएका छन ।

**(ञ) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका:** वि.सं. २०६५ देखि नै साविकका केही नगरपालिका र गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकोमा त्यस प्रकारका कार्यक्रमहरू बीच एकरूपता र सामञ्जस्यता कायम गर्नुका साथै स्थानीय शासन प्रक्रियामा बाल अधिकार सम्बन्धी सवालहरूलाई मूलप्रवाहीकरण गरी बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न बालमैत्री स्थानीय शासन राष्ट्रीय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वन कार्यविधि, २०७८ कार्यान्वयन भएको थियो । सोही बमोजिम साविकमा स्थानिय निकायको समन्वय र सहकार्यमा बाल अधिकार प्रवर्द्धनका लागि बाल क्लव तथा बाल सञ्जालको गठन तथा परिचालन, क्षमता विकास, स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता, बालमैत्री पूर्वाधारको विकास एवम् सचेतीकरण लगायतका उपलब्धीहरू हासिल भएका छन् । राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संबैधानिक जिम्मेवारी र नेपाल सरकारको सम्मृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई साकार पार्न र पन्ध्रौ योजनाको लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्नमा सहयोग पुर्याउने हेतुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तयार पारेको छ । सो निर्देशिकाको अनुसूची ३ मा बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू ५१ वटा मध्ये १७ मा "स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ भनी उल्लेख गरिएको छ र घोषणा गर्ने न्यूनतम अङ्क शत प्रतिशत हुनु पर्ने भनी निर्धारण गरिएको छ ।

**(ट) महिला विकास कार्यक्रम मार्गदर्शन:** महिला विकास कार्यक्रम मार्गदर्शन, २०७२ ले बालविवाह बढी हुने जिल्लामा बालविवाहमा नै केन्द्रित भएर बालविवाह बिरुद्ध विभिन्न कार्यक्रम आयोजना गर्ने र बालविवाह मुक्त

स्थान घोषणा गर्दै जाने व्यवस्था गरेको छ। यसले लैङ्गिक हिंसा निगरानी समुहको गठन सम्वन्धी व्यवस्था गरेको छ। जसले लैङ्गिक हिंसा, महिला सुरक्षा, बालसंरक्षणका मुद्दाहरू उठाउने र वडाभित्र पारिवारिक परिवेशमा छिपेका घटना उजागर गरी रोकथामका उपायहरू अवलम्बन गर्ने र महिला समूह, समिति वा संस्थाको तहमा जुटेर प्रभावित महिलाको तत्काल संरक्षण, औषधोपचार एवम् न्यायमा पहुँचका लागि जो चाहिने व्यवस्था मिलाउने,संस्थामा खडा गरिएको प्रभावित सहायता कोषबाट जीविकोपार्जन अनुदान दिलाउने प्रक्रियामा सहजीकरण गर्ने र बालबालिका प्रभावित भएकोमा बालसुलभ हेरचाह सुनिश्चित गर्ने व्यवस्था गरिएको छ।

**(ठ) पन्ध्रौं आवधिक योजनाः** पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले नेपाली समाजमा बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसार, शिक्षाको कमी आदि समस्याको रूपमा रहेको कुरालाई स्वीकार गर्दै बालविवाह, बाल श्रम, बाल बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानूनी ओसारपसार लगायत बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषय र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ भनी कार्यनीतिमा उल्लेख गरेको छ।

**(ड) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाः** राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) ले बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बालविवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

**(ढ) राष्ट्रिय बाल नीतिः** राष्ट्रिय बाल नीति, २०६९ मा बुँदा नं. ८.९ उल्लेख भए अनुसार बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदाय स्तरका सङ्घसंस्थाहरूलाई परिचालन गरिनेछ। बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्था गरिनेछ। बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइनेछ। त्यसैगरी बुँदा नं. ९.३ अनुसार स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गरिनेछ। गाउँ स्तरसम्म बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिनेछ।

## ४. वर्तमान अवस्था

बालविवाह अत्यधिक हुने बिश्वका मुलुकहरूमा नेपाल १६ औं स्थानमा रहेको छ भने दक्षिण एशियामा बगंलादेश र भारत पछि तेश्रो स्थानमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, नेपालमा २०-२४ उमेर समूहका ३५ प्रतिशत महिला तथा १६ प्रतिशत पुरुषहरूले १८ वर्ष अगावै विवाह गर्ने गरेका छन्। त्यस्तै, मधेस प्रदेशमा मात्र ४२ प्रतिशत महिला र १७ प्रतिशत पुरुषहरूको तथ्यांक रहेको छ। यी तथ्यहरूले पनि मधेस प्रदेशमा बालविवाहको व्यापकता रहेको प्रस्ट देख्न सकिन्छ। नेपाल बहुक्षेत्रीय क्लष्टर सर्भेक्षण, २०७६ मा २० देखि २४ बर्ष उमेर समूहका विवाहित ब्यक्तिहरू मध्ये १५ बर्ष मुनिका ५.२ प्रतिशत (बालक १.५ प्रतिशत र बालिका ७.९ प्रतिशत) र १८ बर्ष

मुनिका २२.७ प्रतिशत (बालक ९ प्रतिशत र बालिका ३२.८ प्रतिशत) को विवाह भएको उल्लेख भएको छ। सो प्रतिबेदन अनुसार १५ देखि १९ बर्ष उमेर समूहका ब्यक्तिहरू मध्ये १२.८ प्रतिशत (पुरुष ५.३ प्रतिशत र महिला १९.३ प्रतिशत) बिबाहित रहेको छ।

विश्वभरी प्रत्येक वर्ष १ करोड २० लाख बालिकाहरूको १८ वर्षको उमेर नहुँदै विवाह हुने गरेको छ (UNICEF) । यो भनेको प्रत्येक ५ मा १ बालिकाको १८ औं जन्मदिन मनाउन नपाउँदै विवाह बन्धनमा बाँधिनु पर्ने अवस्था हो। यसप्रकार प्रत्येक १ मिनेटमा २३ वा प्रत्येक ३ सेकेण्डमा १ बालिकाको बालविवाह हुने गरेको छ। नेपालमा बालविवाह धैरै हुने जिल्लाहरू मध्ये रौतहट पनि एक हो।

पछिल्ला वर्षहरूमा उक्त प्रयासहरूलाई थप तीव्र पारिएको सन्दर्भमा UNICEF को एक प्रतिवेदनले तीन प्रकारको प्रक्षेपण गरेको छ - (क) विगत २५ वर्ष कै गतिमा प्रयास गरिएमा बालविवाहको दर सन २०३० सम्ममा ३५ प्रतिशत र सन २०५० सम्ममा २५ प्रतिशतमा झार्न सकिनेछ, (ख) विगत १० वर्षको गतिमा प्रयास गरिएमा यो दरलाई २०३० सम्ममा २७ प्रतिशत र सन २०५० सम्ममा १६ प्रतिशतमा झार्न सकिने र (ग) अत्यन्त द्रुत गतिमा प्रयास गरिएमा उक्त दरलाई २०३० सम्ममा १८ प्रतिशत र सन २०५० सम्ममा ६ प्रतिशतमा झार्न सकिनेछ। नेपालले पनि सन २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू तयार पारेको छ। सो सूचक अनुसार नेपालले विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ बर्षका उमेरका महिलाहरूको प्रतिशत सन् २०१५ मा २४.५ प्रतिशत रहेकोमा सो प्रतिशतलाई २०१९, २०२२, २०२५ र २०३० मा घटाई क्रमशः १८.०, १२.१, ८.२ र ४.१ मा झार्ने लक्ष्य राखेको छ।

## ५. परोहा नगरपालिकाको परिचय र अवस्था

मधेश प्रदेश अन्तर्गतका जिल्लाहरू मध्ये एक हो रौतहट जिल्ला। रौतहट जिल्लामा रहेका अठारह स्थानीय तहहरू मध्येको एक स्थानीय तह हो परोहा नगरपालिका। साविकका गा.वि.स.हरू जिंगडवा बेल्बिछवा, तेजापाकड, लौकाहा, बसन्तपट्टी, नरकटिया र रामपुर खाप मिली यस परोहा नगरपालिकाको गठन भएको छ। यस नगरपालिकाले कुल ३७.४५ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ भने ९ वटा वडाहरू रहेको छ। यो नगरपालिका जिल्लाको दक्षिण पश्चिम भेगमा अवस्थित रहेको छ। दक्षिणमा भारतको बिहार राज्यसंग सिमाना टाँसिएको यस नगरपालिकाको पूर्वमा यमुनामाई गाउँपालिका, पश्चिममा बैधीमाइ नगरपालिका, उत्तरमा देवाही गोनाही नगरपालिका र दक्षिणमा राजपुर नगरपालिका तथा ईशनाथ नगरपालिका पर्दछन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा पुरुषको जनसंख्या २२७०८ (४९.७ प्रतिशत) र महिलाको जनसंख्या २२९९४ (५०.३ प्रतिशत) गरि कुल जनसंख्या ४५७०२ रहेको छ। यस नगरपालिकाको लैंङ्गिक अनुपात प्रति सय महिलामा ९८.७६ रहेको छ। कुल ७०२४ परिवारहरू रहेको यस नगरपालिकाको जनघनत्व १२२० प्रति वर्ग कि.मी. रहेको छ। पुरुष साक्षरता दर ६३ प्रतिशत र महिला साक्षरता दर ४७.२ प्रतिशत रहेको यस नगरपालिकाको कुल साक्षरता दर ५५ प्रतिशत रहेको छ। अपाङ्गता भएका कुल जनसंख्या १.३ प्रतिशत मध्ये महिलाको जनसंख्या १.२ प्रतिशत र

पुरुषको जनसमख्या १.५ प्रतिशत जनसंख्या रहेको छ । यस नगरपालिकामा कुल विवाहित जनसंख्या १९८४३ (५९.९ प्रतिशत), अविवाहित जनसंख्या ११९५१ (३६.१ प्रतिशत) र एकल/विदुर/विधवा १२७९ (३.९ प्रतिशत) रहेका छन् ।

यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै मुसलमान, दोस्रोमा कुर्मी, तेस्रोमा यादव, चौथो र पाँचौमा क्रमश तेली र नुनिया रहेका छन् । त्यसै गरी चमार/हरिजन/राम, कलवार, धोवी, कानु, दुसाध/पासवान/पासी लगायत अन्य जातजातिहरूको बसोबास रहेको छ । नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ । स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघु उद्योग, नोकरीका साथै वैदेशिक रोजगारी रहेका छन् । विभिन्न समुदाय, जातजातीका मानिसहरूको बसोबास रहेको यस क्षेत्रमा दशैँ, तिहार, माघी, होली, महाशिवरात्री, कृष्ण जन्माष्टमी, इद, बकरइद, रामजान, मोहरम, छठ पर्व, होली आदि प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ । सडक सञ्जाल, शिक्षा, स्वास्थ्य र कृषि जस्ता विविध पक्षहरूमा विकासोन्मुख अवस्थमा रहेको छ । नगरपालिका भित्र माध्यामिक, आधारभूत र विभिन्न निजी विद्यालयहरू पनि रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार परोहा नगरपालिकाभित्र २० वर्ष मुनि विवाह भएका महिला र पुरुषहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

| लिङ्ग/उमेर समूह | १० वर्षभन्दा मुनि | १०-१४ वर्ष | १५-१७ वर्ष | १८-२० वर्ष |
|---|---|---|---|---|
| **पुरुष** | ०% | ३% | १८% | ६२% |
| **महिला** | ०% | ९% | ३७% | ४९% |
| **औसत** | **०%** | **७%** | **३०%** | **५३%** |

## ६. बालविवाहका कारणहरू

मुलुकभित्र बालविवाह भौगोलिकता र समुदाय अनुसार फरक फरक स्वरूपमा विद्यमान छ । परोहा नगरपालिकामा पनि बालविवाह धेरै वर्ष पहिले देखि नै प्रचलनमा रहेको छ । नीतिगत, कानूनी, शैक्षिक अवस्थामा सुधार, सचेतनामा वृद्धि लगायतका विभिन्न प्रयासहरूबाट विगतको तुलनामा बालविवाहमा केही कमी आएको भए तापनि समग्रमा यो समस्या अझै गम्भीर रूपमा विद्यमान रहेको छ । बालविवाहका मुख्य कारणहरू यसप्रकार रहेका छन्

- छोरीलाई दायित्व र भारको रुपमा लिने पितृसत्तात्मक सोच विद्यमान;
- राम्रो केटा पाएको बेलामा छोरीको बिहे गरि दिने मनोभावना;
- सानैमा कन्यादान गरेमा पुण्य कमाउन पाइने धार्मिक मान्यता र विश्वास;
- कमजोर परिवारिक अवस्था;
- गरिबी, बेरोजगारी, शिक्षा र चेतनाको अभाव;

- किशोरावस्थाको प्रेम सम्बन्ध;
- समाजमा महिला र किशोरी असुरक्षित महसुस गर्नु;
- किशोरीहरूको शिक्षामा परिवारबाट लगानी कम हुनु;
- बालबालिकाले बीचैमा विद्यालयको पढाई छाड्नु पर्ने बाध्यता रहनु;
- सूचना प्रविधि र सामाजिक सञ्जालको प्रभावमा पर्नु;
- किशोरकिशोरीको भावनाको घरपरिवारमा उपेक्षा हुनु;
- किशोरीका आधारभूत आवश्यकताहरूको परिपूर्ति नहुनु;
- साथीसंगीको लहलहैमा लाग्नु;
- उचित अभिभावकत्व तथा मार्गदर्शन नहुनु;
- किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा पर्याप्त मात्रामा नदिइनु वा ती सेवाहरू सहज उपलब्ध नहुनु;
- बालविवाहबाट स्वास्थ्य, शिक्षा, आयआर्जन, व्यक्तित्व विकास लगायत जीवनमा पार्ने नकारात्मक असरका बारेमा जानकारी नहुनु;
- स्थानीय नेतृत्वले बालविवाह सबै जाति, धर्म, वर्ग, शिक्षित/अशिक्षित समाज, वास स्थानमा (गाँउ/शहर) रहेको कुरा आत्मसात नगर्नु;
- बालविवाह विरुद्ध काम गर्न चाहना भएका व्यक्तिहरू एकत्रित हुन सक्नु;
- छोरीलाई कुनै लान्छना लागेमा परिवारको ईज्जत जाने भनेर अभिभावकले छोरीलाई कम उमेरमै विवाह गरि दिनु;
- अभिभावकले छोरीहरूको पढाईलाई प्रथमिकता नदिएको कारण छोरीहरू पढाईमा कमजोर र चाख कम लिने हुँदा समय र पैसा खर्च गर्नु भन्दा कम उमेरमा विवाह गरी दिनु;
- समाजमा सम्पन्न र बोलवाला हुने वर्ग बालविवाह न्यूनीकरणमा उदाशीन रहनु;
- कानूनी व्यवस्थाका बारेमा जानकारी नहुनु;
- अरूको प्रलोभन, करकाप वा डर धम्कीमा पर्नु;
- बालविवाह कानूनले अपराध मानेको भए तापनि कानूनी कारवाही गर्नुको बदला समाजमा बालविवाहलाई सामान्य रूपमा लिई स्वीकार गरिनु ।

## ७. बालविवाहका असरहरू

बालविवाहको अवस्था अध्ययनका लागि गरिएको सर्भेक्षण, लक्षित समूह छलफल, सरोकारवालाहरूसँगको छलफल तथा अन्तरक्रिया, सामाजिक अगुवा लगायत अन्य व्यक्तिहरूसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरूको

अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस परोहा नगरपालिकामा बालविवाहका प्रभावहरूलाई बुँदागद रुपमा तल प्रस्तुत गरिएको छः

- पारिवारिक मायाममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने।
- विद्यालय शिक्षामा निरन्तरता दिन नसक्नु र भावी दिनहरूमा बेरोजगारीको चपेटामा पर्नु।
- बाल अधिकारको हनन् भई विभिन्न प्रकारका शोषणहरूको शिकार हुनु।
- बाल मजदुरीको दलदलमा फस्नु।
- किशोरीहरूको शारीरिक, प्रजनन, बौद्धिक र मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्नु।
- कम तौल र अपरिपक्व बच्चाको जन्म हुनु र गर्भवती तथा सुत्केरी अवस्थामा विभिन्न जटिलता आई आमा र बच्चा दुबैको ज्यान समेत जान सक्ने खतरामा पर्नु।

## ८. अवस्था विश्लेषण

बालविवाह अन्त्यका लागि प्रकाशित विभिन लेख, रचना, अध्ययन अनुसन्धान प्रतिवेदन, अन्य कानूनी दस्तावेज, सरोकारवालाहरूसंग गरिएको अन्तरक्रियाबाट प्राप्त सुझाव, लक्षित समूह छलफलबाट निश्कर्ष, सामाजिक अगुवा, नागरिक समाज, प्रहरीहरूबाट प्राप्त सुझावको आधारमा देखिएको परोहामा बालविवाहको अवस्था निम्नानुसार रहेका देखिन्छन्।

### सवल पक्ष

- बालविवाह न्यूनीकरण सम्बन्धी १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/७९-२०८८/८९) तर्जुमा भएको,
- विद्यालय शिक्षाबाट बञ्चित रहेका बालिकाहरूलाई किशोरी शिक्षा मार्फत विद्यालयमा भर्ना गराईएको,
- बालविवाह सम्बन्धी किशोरकिशोरीहरूलाई रुपान्तरण कक्षा सञ्चालन गरिएको,
- बालविवाह अन्त्य गर्न कार्यक्रम र बजेटको व्यवस्था रहेको,
- बालविवाह विरूद्ध अभिभावक तथा समुदायमा बढ्दो सचेतना,
- कार्यक्रम सञ्चालनमा जनप्रतिनिधि र सरोकारवालाहरूको तत्परता,
- बालमैत्री र पोषणमैत्री स्थानीय शासनका लागि नगरपालिकाले निर्णय गरिसकेको,
- बालविबाह अन्तयका लागि विभिन्न संघसंस्था कार्यरत रहेको,
- प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्ने किशोरीहरूलाई प्रोत्साहनको व्यवस्था रहेको,
- अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा रहेको,
- विद्यालय नर्स कार्यक्रम सञ्चालन रहेको,
- धार्मिक तथा सामाजिक अगुवाहरूबाट बालविवाह अन्त्यका लागि प्रवचन कार्यक्रम सञ्चालन हुने गरेको।

### कमजोर पक्ष

- बालबालिकामा विद्यालय छाड्ने प्रबृत्ति उच्च रहेको,
- यौन तथा प्रजन्न स्वास्थ्य र शिक्षाको अभाव रहेको,
- सामाजिक सञ्जाल र प्रविधिको दुरुपयोग बढी रहेको,
- बालबालिकामा लागु औषध तथा मादक पदार्थ सेवन गर्ने बानीको विकास हुदै गएको,
- अभिभावकको उदासिनता,
- अशिक्षा, गरीबी, बेरोजगारी र चेतनाको कमी,
- लैङ्गिक हिंसा र बाल बिवाहको बारेमा पालिका स्तरीय खण्डीकृत तथ्याङ्क संकलन हुन नसक्नु,
- सामाजिक विकासमा न्यून लगानी र प्राथमिकतामा नपर्नु,
- देखासिकी र साथीभाईको लहैलहैमा लाग्ने प्रवृतिको विकास हुनु,
- लैङ्गिक उत्तरदायी बजेट पद्धति पूर्ण रूपमा अवलम्वन हुन नसक्नु,
- कानून कार्यान्वयनको कमजोर अवस्था ।

### चुनौती

- बालबालिका तथा अभिभावकहरूलाई बालविवाहका असरहरूबारे जानकारी गराउनु,
- कम उमेरका किशोरकिशोरिहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी गराउनु,
- विवाह कार्डमा केटा र केटीको जन्ममिति अनिवार्य राख्ने व्यवस्था मिलाई प्रचारप्रसार गर्नु,
- विद्यालय शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच कायम गर्नु,
- बालविवाह विरुद्धको कानूनलाई कडाईका साथ कार्यान्वयन गर्नु ।

### अवसर

- शारीरिक तथा बौद्धिक विकासमा टेवा पुग्नु,
- उच्च अध्ययनमा सहयोग पुग्नु,
- आर्थिक रुपमा सबल हुनु,
- मातृ तथा शिशु मृत्यु दरमा कमी आउनु,
- मातृ तथा बालबालिकाहरू कुपोषित हुनबाट बच्नु,
- स्वस्थ तथा स्वावलम्बी समाजको निर्माणमा टेवा पुग्नु,
- शैक्षिक स्थितिमा सुधार भई बालविवाहमा कमी आउनु,
- सामाजिक आत्म सम्मानमा वृद्धि हुनु,

- जनसंख्यामा वृद्धिमा कमी आउनु।

## ९. रणनीतिक योजनाको आवश्यकता

बालविवाहका कारण बालिकाहरू आधारभूत हक अधिकारबाट बञ्चित हुने मात्र होइनन् उनीहरू आफ्नो भविष्य बनाउने, सहभागी हुने र निर्णय लिने अधिकारबाट पनि बञ्चित छन्। साथै बालविवाहमा परेका विशेष गरी धेरैभन्दा धेरै किशोरी तथा महिलाहरू जीवनमा प्रतिकूल यौन तथा प्रजनन स्वास्थ्य, घरेलु हिंसा, बहुविवाह, लैङ्गिक हिंसा, आत्महत्या र मानव बेचबिखन जस्ता दुष्परिणामहरू भोग्न बाध्य छन्। बालविवाह बहुपक्षीय सरोकारको विषय भएको हुँदा स्थानीय तह, विकास साझेदार, नागरिक समाज, गैर सरकारी संस्था र सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको आवश्यकता रहेको छ। नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा जनाएको प्रतिवद्धता र दिगो विकास लक्ष्य अनुरूप सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्नु स्थानीय तहको पनि दायित्व रहेको छ।

बाल विबाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ ले बालविवाहलाई अन्त्य गर्न स्पष्ट रणनैतिक कार्यदिशा प्रदान गरेको छ जसमा प्रत्येक रणनीतिको लागि विशिष्ट रणनैतिक उपायहरूको बारेमा उल्लेख गरेको छ। मधेश प्रदेश सरकारले बालविवाह अन्त्यका लागि मधेश प्रदेशको १० बर्षे रणनीति (२०७८/७९-२०८८/८९) तयार गरी कार्यान्वयनमा ल्याएको छ। सो राष्ट्रिय र प्रदेश रणनीतिले तय गरेका लक्ष्य र उद्देश्यलाई पूरा गर्न परोहा नगरपालिकाले बालविवाह अन्त्यको लागि रणनीतिक योजना तर्जुमा गर्ने आवश्यकता महसुस गरी बालविवाह न्यूनीकरण सम्बन्धी रणनीतिक योजना (२०८०/८१-२०८४/८५) तर्जुमा गरिएको छ।

## १०. रणनीतिक योजना तर्जुमाको औचित्य

१. नेपालमा बालविवाह दण्डनीय अपराध भएता पनि यस नगरपालिकामा बालविवाहलाई सामान्य रुपमा लिने गरेकोले यो कुप्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन।

२. नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। यसका साथै संविधानतः बालवालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत गरेको हुँदा बालविबाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नु पर्ने भएको छ।

३. नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि पनि बालविवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ।

४. सन् २०३० सम्ममा नेपाललाई बालविवाह मुक्त देश घोषणा गर्ने लक्ष्यका साथ बनेको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ सफल पार्नका लागि तत् अनुसारको स्थानीय रणनीति बनाई राष्ट्रिय रणनीतिलाई औपचारिक रुपमा कार्यान्वयनमा ल्याई बालविवाह अन्त्य गर्न आवश्यक रहेको छ।

५. नगरपालिकाले बालमैत्री नगरपालिका बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने भन्ने नगर सभावाट नीतिगत निर्णय गरेकाले यसलाई मुर्त रुप दिन आवश्यक रहेको छ।

६. बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा संघ, प्रदेश र स्थानीय सरकारका साथै सरकार सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक रहेकोले तत् निकायहरू बीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा बालविवाह अन्त्य गर्न प्रयास केन्द्रित गर्नुपर्ने आवश्यक रहेको छ।

७. स्थानीय तहमा बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै देश विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यक रहेको छ।

## ११. रणनीति तर्जुमा प्रक्रिया

बालविवाह अन्त्यका लागि रणनीतिको मस्यौदा तर्जुमा गर्नका लागि एक मस्यौदा समितिको गठन गरिएको थियो। UNFPA को आर्थिक सहयोग, VSO को प्राविधिक सहयोग र आसमान नेपालको आयोजनामा यस परोहा नगरपालिकाको रणनीति योजना तर्जुमा गरिएको हो । घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्य तथ्यांकहरू, मिति २०८०/०८/२० गते सरोकारवालाहरूसँग गरिएको छलफल तथा अन्तक्रियाबाट प्राप्त सल्लाह, सुझाव र पृष्ठपोषण, लक्षित समूह छलफल (बाल क्लब, समुदाय, बाल संरक्षण समिति आदि) बाट प्राप्त सुझाव र नतिजा तथा अन्य सहायक सन्दर्भ सामग्रीहरूलाई यो रणनीति तर्जुमाको आधारको रुपमा लिइएको छ । यो रणनीति तर्जुमा गर्न तपसिलको प्रक्रिया अपनाइएको थियो।

- सामाजिक विकास समितिको संयोजक ज्यूको संयोजकत्वमा पाँच सदस्यीय मस्यौदा समितिको गठन भएको।
- सरोकारवाला निकायहरू (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल क्लव, नेपाल प्रहरी, सामाजिक अगुवा, पंडित पुरोहित, मौलवी मौलाना, राजनीतिक दलका प्रतिनिधिहरूको सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तक्रिया तथा छलफल सञ्चालन गरिएको।
- बाल क्लव, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अन्तक्रिया सञ्चालन।
- प्रारम्भिक गोष्ठीमा नगरपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरूको आवश्यक कार्ययोजनाको बारेमा छलफल।

- २०७८ बैशाख देखि २०८० असार सम्ममा विवाह गर्ने व्यक्तिको सर्भेक्षण गरी बालविवाह र गैरकानूनी विवाह गर्ने जोडीको संख्या पहिचान र विश्लेषण गरिएको ।
- बालविवाह अन्त्यका लागि रणनीतिका उद्देश्यहरूको पहिचान गरी स्रोत र कार्ययोजना तयार गर्नुका साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारीको बाडँफाँड गरिएको।
- नगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह न्यूनीकरण रणनीति मस्यौदा समितिमा छलफल गरिएको ।
- रणनीतिको मस्यौदा लेखन र रणनीति मस्यौदा समितिमा पेश ।
- रणनीति मस्यौदा समितिमा रणनीति उपर छलफल र आवश्यक सल्लाह सुझाव संकलन ।
- संकलित सुझावलाई मस्यौदामा समेटी अन्तिम मस्यौदा तयार गरी रणनीति मस्यौदा समितिबाट अनुमोदन गरि कार्यपालिकामा पेश ।
- नगरकार्यपालिकाबाट बालविवाह न्यूनीकरण रणनीति पारित तथा स्वीकृत ।

## १२. रणनीतिक योजना तर्जुमा विधिहरू

बालविवाह अन्त्यका रणनीतिक योजना तर्जुमाका विधिहरू यस प्रकार रहेका छन्:

### १२.१ प्राथिमक सूचना संकलन

- लक्षित समूह छलफल,
- घटना अध्ययन,
- जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता,
- सामुदायिक परामर्श
- बालविवाहको समस्या रुख र अन्त्य उपायका रुख विश्लेषण
- SWOT (Strength, Weakness, Opportunity & Threat), BEEM (Build on Strength, Eliminate the Weakness, Explore/Exploit the Opportunity & Minimize the Threat) विश्लेषण

### १२.२ द्वितीय सूचना संकलन

- नेपालको संविधान, २०७२
- बालबालिका ऐन, २०७५
- बालविवाह न्यूनीकरण सम्बन्धी राष्ट्रिय रणनीति, २०७२
- परोहा नगरपालिकाको पार्श्वचित्र, २०७५
- विभिन्न संघ संस्थाले गरेको सर्वेक्षेण प्रतिवेदन
- नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

- त्रि.वि.वि., जनसख्या अध्ययन केन्द्रीय विभागको अध्ययन प्रतिवेदन, २०१७
- राष्ट्रिय जनगणना, २०७८

नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरू, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले राखेको लक्ष्य हासिल गर्न र परोहा नगरपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै यस परोहा नगपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी अगामी कार्यपालिका बैठकबाट पारित गरी लागू गरिनेछ।

## १३. रणनीति योजनाका सिद्धान्तहरू

**१३.१ समानताको अधिकारः** प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ।

**१३.२ बालबालिकाको सर्वोत्तम हितः** बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ।

**१३.३ बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनु पर्दछ।

**१३.४ बालसंरक्षणः** बालविवाह, बेचविखन तथा ओसारपसार, बाध्य बनाउने, अन्य हानिकारक अभ्यासलगायत सबै प्रकारका दुव्र्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनु पर्दछ।

**१३.५ अर्थपूर्ण सहभागिताः** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ। बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भई उनीहरूको महत्व बढाउन योगदान पुग्छ।

**१३.६ राज्यको दायित्वः** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारक तत्वको रुपमा रहेको बालविवाह को रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनु पर्ने अवस्था रहेको छ।

**१४. दूरदृष्टिः** बालविवाहमुक्त तथा लैङ्गिक समानतायुक्त नगरपालिका।

**१५. ध्येयः** बालविवाहमुक्त वातावरणमा बाल अधिकारको सुनिश्चितता गर्दै सामाजिक र आर्थिक सशक्तिकरण गरी बालमैत्री तथा लैङ्गिकमैत्री शासन पद्धतिलाई अवलम्वन गर्ने।

**१६. लक्ष्य:** वि.सं. २०८५ (सन् २०२८) सम्ममा परोहा नगरपालिकालाई बालविवाहमुक्त नगरपालिका घोषणा गर्ने।

## १७. उद्देश्य

१७.१ बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न बाल संरक्षण संयन्त्रहरूको विकास गर्ने।

१७.२ आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१७.३ बालविवाह विरुद्धमा बालबालिका, किशोरकिशोरी, अभिभावक, युवा, सामाजिक तथा धार्मिक अगुवा, संघ संस्था आदिको क्षमता विकास गरी सबैको सक्रिय सहभागिताका साथ परिचालन गर्ने।

१७.४ बालबालिका माथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्न बालमैत्री वातावरणमा उजुरी गर्ने संयन्त्रको विकास गर्ने।

१७.५ विशेष स्याहारको आवश्यकता भएका, जोखिम अवस्थामा रहेका तथा भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण र अधिकार हननका घटनाबाट पीडित/प्रभावित बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, मनोसामाजिक सेवा, न्याय लगायतका सेवा सुविधाको सुनिश्चितता गर्ने।

१७.६ स्थानीय सरकार, विकासका साझेदार संस्थाहरू तथा स्थानीय बाल संरक्षण संयन्त्रहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने।

## १८. रणनीति

बालविवाह अन्त्यका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः

१८.१ बालिका र किशोरीको सशक्तिकरण गर्ने,

१८.२ बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

१८.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता अभिवृद्धि गर्ने,

१८.४ परिवार, बालक्लब र समुदायको परिचालन गर्ने,

१८.५ बालक्लव, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरूको विकास र परिचालन गर्ने,

१८.६ सेवा प्रवाह।

## १९. कार्यनीति

### १९.१ रणनीति १८.१ "बालिका र किशोरीको सशक्तिकरण गर्ने" संग सम्बन्धित कार्यनीतिहरू

१९.१.१ औपचारिक, अनौपचारिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, सञ्चारका माध्यमहरू, बालक्लब, युवाक्लब, बालसंरक्षण समिति तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरू बारेमा सचेत गराई, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने।

१९.१.२ यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने।

१९.१.३ विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको शिक्षाको पहुँच सुनिश्चित गर्ने।

१९.१.४ सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने।

१९.१.५ बालविवाह विरुद्ध सामूहिक पहलका लागि बालिकालाई समूह (बालक्लब, किशोरी समूह, बाल संरक्षण समिति) निर्माण गरी विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने।

## १९.२ रणनीति १८.२ "बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने" संग सम्बन्धित कार्यनीतिहरू

१९.२.१ विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने।

१९.२.२ विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने।

१९.२.३ भविष्यमा जीवनयापनका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने।

१९.२.४ विद्यालयहरूमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई बालमैत्री शिक्षण सिकाइ तालिम प्रदान गर्ने।

१९.२.५ विद्यालयको व्यवस्थापन समितिले गर्ने निर्णय प्रक्रियामा बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

१९.२.६ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध बालिका तथा किशोरीहरूको नेतृत्वमा जनचेतनामूलक अभियान संचालन गर्ने।

१९.२.७ छात्राहरूका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने।

१९.२.८ बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई परिवार तथा विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने।

१९.२.९ विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने।

१९.२.१० बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवाबारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने। विद्यालयमा सेनेटरी प्याडको व्यवस्था गर्ने।

१९.२.११ बालविवाह, शोषण अन्त्य गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयारी र पालना गर्ने।

## १९.३ रणनीति १८.३ "बालक, किशोर तथा पुरुषहरूको सहभागिता अभिवृद्धि गर्ने" संग सम्बन्धित कार्यनीतिहरू

१९.३.१ बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिबृद्धि गरी बालविवाह, लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने।

१९.३.२ सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा जनमत सृजना गर्ने।

१९.३.३ बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने।

१९.३.४ बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने तथा दाइजो जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने।

१९.३.५ बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, मौलवी, पण्डित, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने, उनीहरूसँग अन्तरक्रिया गर्ने र उनीहरूबाट लिखित प्रतिबद्धता लिने।

## १९.४ रणनीति १८.४ "परिवार, बालक्लब र समुदायको परिचालन गर्ने" संग सम्बन्धित कार्यनीतिहरू

१९.४.१ समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान संचालन गर्ने।

१९.४.२ असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने।

१९.४.३ सामाजिक संजालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पण्डित पुरोहित, मौलवी, मौलाना, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने।

१९.४.४ छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी बालविवाहमुक्त वडा अभियान संचालन गर्ने।

१९.४.५ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवद्र्धन र क्षमतामा अभिवृद्धि गर्ने।

१९.४.६ असहाय, अनाथ र जोखिमको अवस्थामा रहेका बालबालिकालाई संरक्षण तथा सहयोग प्रदान गर्ने समुदायमै संरक्षणको प्रभावकारी व्यवस्था गर्ने।

१९.४.७ गरिबीको अवस्थामा रहेका तथा बञ्चीतिकरणमा परेका बालबालिकाका अभिभावकहरूलाई विभिन्न आर्थिक स्वरोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, आर्थिक सहयोग प्रदान गरी सक्षम बनाउने।

१९.४.८ दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने।

१९.४.९ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र संजाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने।

## १९.५ रणनीति १८.५ "बालक्लव, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरूको विकास र परिचालन गर्ने" संग सम्बन्धित कार्यनीतिहरू

१९.५.१ प्रत्येक विद्यालय, समुदाय, टोलमा बालक्लब गठन गरी उनीहरूको बालविवाह विरुद्ध क्षमता विकास गर्ने, वडास्तरमा वडा बालसंजाल संयन्त्रको विकास गर्ने।

१९.५.२ बालक्लब तथा बालसंजाललाई नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायतका कानूनी पहिचान प्रदान गर्ने।

१९.५.३ प्रत्येक विद्यालय, समुदाय र टोलमा किशोरी तथा युवा समूह गठन गरी उनीहरूको क्षमता विकास गर्ने, वडास्तरमा वडास्तरीय किशोरी संजाल गठन गरी संयन्त्रको विकास गर्ने साथै नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायत कानूनी पहिचान प्रदान गर्ने।

१९.५.४ प्रत्येक समुदाय/टोलमा बालविवाह निगरानी समूह गठन गरी उनीहरूको क्षमता विकास गर्ने, वडास्तरमा वडा बालसंरक्षण समिति गठन गर्ने।

१९.५.५ बालविवाहका साथै बालबालिका माथि हुने हानिकारक कामहरू विरुद्ध बालसंरक्षण समितिलाई सक्रिय बनाउने।

१९.५.६ बालक्लव, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरूकाको सूचना प्रविधिको पहुँच तथा पहिचानमा वृद्धि गर्ने, बालविवाह हुने सूचना प्राप्त भएमा सम्बन्धित सरोकारवाला समक्ष सूचना पुर्याउने र बालविवाह अन्त्यका लागि कानूनी पहल समेत गर्ने।

१९.५.७ बालविवाह अन्त्यका लागि परिवार, समुदाय, बालबालिका, बालक्लव, किशोरी/बहिनी समूह, बालसंरक्षण समिति र वडासमितिको सहभागितामा आचारसंहिता निर्माण गरी लागू गर्ने तथा गराउने।

## १९.६ रणनीति १८.६ "सेवा प्रवाह" संग सम्बन्धित कार्यनीतिहरू

१९.६.१ बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने।

१९.६.२ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भ निरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोगहरूको रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने।

१९.६.३ बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने।

१९.६.४ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणाली विकास गर्ने।

१९.६.५ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वा विवाहित बालिकालाई जीवनोपयोगी सीप, आयआर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने।

१९.६.६ बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि पहल गर्ने।

१९.६.७ स्थानीय तह तथा वडास्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

१९.६.८ स्थानीय निकायमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने।

१९.६.९ पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी जन्म, मृत्यु, विवाह एवं बसाई सराई र सम्बन्ध बिच्छेदको कुरालाई वडा कार्यालयमा दर्ता गर्ने प्रक्रियालाई जोड दिने।

१९.६.१० बैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानुनी

सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

१९.६.११ बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको समन्वय गर्ने ।

१९.६.१२ विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने ।

१९.६.१३ कानूनी उपचार लिन चाहने बालबालिकाहरूले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने ।

## २०. अपेक्षित उपलब्धिहरू

२०.१ विभिन्न उमेर, लिङ्ग, असक्षमता, पारिवारिक पृष्ठभूमि भएका बालबालिका र तिनका परिवारहरूको सशक्तिकरण गरी प्रत्येक बालबालिकाको सुरक्षित जन्म, स्तनपान, खोप, हेरचाह, स्वास्थ्य, शिक्षा लगायत आधारभूत अधिकारको प्राप्तिमा वृद्धि भई बालविवाह अन्त्य भएको हुनेछ ।

२०.२ घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सोका सम्बन्धमा वहन गरिनु पर्ने उत्तरदायित्व बारे चेतना अभिवृद्धि भएको हुनेछ ।

२०.३ घरपरिवार, विद्यालय, समुदाय एवम् उत्तरदायित्व वहन गर्ने सरकारी निकाय, स्थानीय तह, वडा समिति, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्र समेतमा बाल विकासका लागि गुणस्तरीय सेवा प्रदान गर्न निरन्तर बहस/पैरवी भएको हुनेछ ।

२०.४ बालबालिका माथि हुने सबै खालका हानी, हिंसा, दुर्व्यवहार र बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयार गर्ने र सम्पूर्ण सरोकारवालालाई सोको पालना गर्न प्रोत्साहित गरिएको हुनेछ ।

२०.५ विद्यालय, स्वास्थ्य संस्था, स्थानीय निकायको कार्य पद्धतिका सन्दर्भमा बालमैत्री अवधारणा प्रवर्द्धन गर्न, बालमैत्री संरचनाको विकास र सुदृढीकरणका लागि क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य भएको हुनेछ ।

२०.६ बालबालिकासँग प्रत्यक्ष्य सम्बन्धित सरकारी निकायहरू र गैर सरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।

२०.७ बाल अधिकारको संरक्षण र प्रवद्र्धनका लागि सरकारी, गैर सरकारी, सामुदायिक, निजी तथा व्यावसायिक क्षेत्रसँग रहेको स्थानीय स्रोतसाधनको पहिचान र परिचालन भएको हुनेछ ।

२०.८ बालबालिकाको संरक्षण र विकासको लागि सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्रको तर्फबाट कार्यान्वयनमा आएका नीति, रणनीति, र कार्ययोजनाको नियमित रुपमा समिक्षा, अनुगमन, तथा मूल्यांकन गर्ने संयन्त्रको विकास भई क्रियाशिल भएको हुनेछ ।

२०.९ जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरू गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बालक्लब वा बालसंरक्षण समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ।

२०.१० कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरूमा एक एक ओटा बहिनी वा किशोरी समूह र बाल क्लब गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरू संचालनमा क्रियाशिल रहेका हुनेछन्।

२०.११ प्रत्येक समुदायमा बालविवाह निगरानी समूहहरूको गठन भई बालविवाह अन्त्यका लागि क्रियाशिल भएको हुनेछन्।

२०.१२ स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बाल क्लबलाई परिचालन गरिएको हुनेछ।

## २१. बालविवाह मुक्त वडा र नगरपालिका घोषणा प्रक्रियागत चरणहरू

२१.१ बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयन र विभिन्न पक्षहरूको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखीकरण र छलफल गर्ने।

२१.२ सरोकारवाला पक्षहरूबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता गर्ने।

२१.३ वडास्तरीय र नगरपालिकास्तरीय बाल अधिकार, बाल संरक्षण तथा बालविवाह न्यूनीकरणका लागि समिति/संयन्त्रहरूको गठन तथा विस्तार, सबलीकरण र परिचालन गर्ने।

२१.४ बाल अधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बालविवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बालविवाह मक्तु क्षेत्र घोषणा कार्यविधि बनेको, बाल कल्याण अधिकारी तोकेको हुनु पर्ने।

२१.५ वडा र नगरपालिकामा विवाहका घटनाहरूको तथ्याङ्क तथा अभिलेख चुस्त दुरुस्त राखेको हुनु पर्ने।

२१.६ बालविवाह अन्त्यका लागि आवधिक तथा वार्षिक योजना/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

२१.७ सबै बालबालिकाहरूको अनिवार्य जन्म दर्ता गर्ने गरिएको हुनु पर्ने।

२१.८ बाल क्लव, किशोरी वा बहिनी समूह र बालसंरक्षण समितिहरूको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरू संचालन गर्ने।

२१.९ नगरपालिकास्तरमा भएका समुदायमा आधरित संस्था र समिति र निगरानी समूहहरू बालविवाह विरुद्ध सक्रिय र क्रियाशील भएका हुनु पर्ने।

२१.१० वडा तथा नगरपालिकास्तरमा बालविवाहका घटनाहरूको उजुरी तथा सम्बोधन संयन्त्र निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने। उजुरी तथा संयन्त्र समितिको जिम्मेवारी तोकिनु पर्ने।

२१.११ बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान संचालन गर्ने।

२१.१२ धामीझाँक्री, धार्मिक गुरु, मौलाना तथा पुरोहित, जातीय मान्यजन, सामाजिक अगुवा तथा प्रभावशाली व्यक्तित्व, नेतृत्वकर्ताहरू, वाद्यवादक आदिले बालविवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।

२१.१३ बालविवाहको जन्ती, भोज भतेर जस्ता कार्यहरूमा समुदायका व्यक्तिहरू सहभागी हुन छाडेको हुनु पर्ने ।

२१.१४ घरदैलो अभियानमार्फय बस्ती तथा वडाका सबै बालबालिका, किशोरकिशोरी र अभिभावकहरूलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने र कदाचित भएमा कानूनी प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गराएको हुनु पर्ने ।

२१.१५ विवाहको निम्तो कार्डमा वर र वधुको नाम र ठेगाना संगसगै उनीहरूको जन्म मिति समेत लेखेर कार्ड छाप्ने अभ्यासको शुरुवात भएको हुनु पर्ने ।

२१.१६ नगरपालिका तथा वडामा अनिवार्य विवाह दर्ता गर्ने गरिएको हुनु पर्ने ।

२१.१७ बालबालिका आफैंले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।

२१.१८ अनुगमन, समीक्षा, मूल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण गर्ने ।

२१.१९ बाल क्लव र किशोरी/बहिनी समूहको अगुवाईमा बालविवाह मुक्त विद्यालय घोषणा गर्ने ।

२१.२० बालविवाह मक्तु वडा घोषणा गर्नको लागि वडाले बालविवाहको अवस्था मापनका सूचकहरूमा लगातार तीन वर्षसम्म हरियो व्याच पाएको हुनु पर्ने । साथै वडाको वार्षिक तथ्याङ्क अनुसार जम्मा विवाहमध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्याङ्कमा ९० प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्ने । वा बालविवाहमुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।

२१.२१ स्थानीय तहलाई बालविवाहमुक्त घोषणा गर्नका लागि सबै ९० प्रतिशत वडाहरू बालविवाहमुक्त वडा घोषणा भएको हुनु पर्ने ।

२१.२२ बालविवाहमुक्त वडा र नगरपालिका घोषणा र यसको निरन्तरता दिने ।

## २२. बालविवाह नगरपालिका घोषणाका सूचकहरू

२२.१ यो रणनीतिक योजना लागू भए पश्चात बालविवाह मुक्त नगरपालिका घोषणा गर्ने वर्षमा १८ वर्ष भन्दा मुनिका बालविवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्ने ।

२२.२ १८ वर्षदेखि २० वर्ष उमेरका बालविवाहको संख्यामा ९० प्रतिशतले कमी आएको र मागी विवाहको संख्या शुन्य रहेको हुनु पर्ने ।

२२.३ कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरूमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरूमा सक्रिय रुपमा वकालत गर्दै आएका बालक्लबहरूले वार्षिक योजना बनाई अतिरिक्त क्रियाकलापहरूको आयोजना गर्दै गरेको।

२२.४ प्रत्येक समुदायहरूमा बालविवाह निगरानी समूहहरूको स्थापना भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएका हुनु पर्ने।

२२.५ प्रत्येक वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक होडिङ बोर्डहरू राखिएको हुनु पर्ने छ।

२२.६ जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरू गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल क्लब वा बाल संरक्षण समितिबाट स्वीकृति वा सिफारिस लिने गरेको।

२२.७ नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरूको संख्या शून्य रहेको हुनु पर्ने।

२२.८ नगरपालिका वा वडा कार्यालयहरूले वार्षिक रुपमा बालविवाह अन्त्य गर्न बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्ने।

२२.९ कक्षा ५ देखि माथिका विद्यालयहरूले बाल अधिकार तथा बाल संरक्षणका निमित्त वार्षिक कार्ययोजनामा बालविवाहलाई केन्द्र विन्दुमा राखी विविध किसिमका अतिरिक्त क्रियाकलापहरू संचालन गर्दै गरेको हुनु पर्नेछ।

२२.१० कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरूमा एक एक ओटा बहिनी वा किशोरी समूह गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरू संचालन गर्दै गरेको हुनु पर्ने।

२२.११ टोल, वडा तथा नगरपालिकामा रहेका बाल संरक्षण सम्बन्धी सम्पूर्ण संयन्त्रहरू बालविवाह अन्त्यमा क्रियाशिल भएको हुनु पर्ने।

(नोटः माथि उल्लेखित सूचकहरू मध्ये ९० प्रतिशत सूचकहरू प्राप्त गरेको अवस्थामा बालविवाह मुक्त वडा/नगरपालिका घोषणा गर्न सकिनेछ।)

## २३. कार्ययोजना

| क्र.सं. | मुख्य क्रियाकलापहरू | कार्यान्वयन वर्ष | | | | | कार्यान्वय गर्ने निकाय | सहयोगी निकाय | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | |
| उद्देश्यः १. सँग सम्बन्धित क्रियाकलापहरू | | | | | | | | | |
| १ | बाल क्लव, बालसंजालको गठन तथा पुर्नगठन (समुदाय, टोल, विद्यालय, वडास्तरमा) | | | | | | विद्यालय, समुदाय, बाल संरक्षण समिति | वडा कार्यालय र साझेदार संस्थाहरू | १२५००० |
| २ | बाल अधिकार समितिको गठन तथा पुर्नगठन र सवलिकरण (समुदाय, विद्यालय, वडा तथा नगरपालिका स्तरमा) | | | | | | नगरपालिका र वडा कार्यालय | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १२५००० |
| ३ | किशोरी समूह गठन तथा पुर्नगठन (विद्यालय, टोल र वडास्तरीय) | | | | | | नगरपालिका र वडा कार्यालय | वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| ४ | बालविवाह विरुद्ध निगरानी समूह गठन, (समुदाय, टोल र वडास्तरीय) | | | | | | नगरपालिका र वडा कार्यालय | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| ५ | युवाक्लव गठन तथा परिचालन | | | | | | वडा कार्यालय | वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| ६ | आमा समूह, स्वास्थ्य सवयम् सेविका | | | | | | नगरपालिका र वडा | नगरपालिका, वडा | ५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | समूह, अभिभावक समूह गठन तथा परिचलन | | | | | | कार्यालय | कार्यालय र साझेदार संस्थाहरू | |
| ७ | वडास्तरीय बालसंरक्षण नीतिको तर्जुमा गरी कार्यान्वन गर्ने गराउने | | | | | | नगरपालिका र वडा कार्यालय | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १००००० |
| उद्देश्यः २. सँग सम्बन्धित क्रियाकलापहरू | | | | | | | | | |
| १ | अन्तरक्रिया कार्यक्रम (बाल समुह, अभिभावक, किशोरी समूह, अन्य सरोकारवालाहरू) | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १२५००० |
| २ | समुदाय छलफल तथा प्रतिबद्धता संकलन कार्यक्रम | | | | | | वडा कार्यालय र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ३०००० |
| ३ | आवधिक प्रगति समिक्षा बैठक (त्रैमासिक) | | | | | | वडा कार्यालय र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | २००००० |
| ४ | बाल अधिकार, बाल संरक्षण तथा बालविवाह सम्बन्धि सरोकारवालाहरूलाई तालिम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| ५ | समुदाय, टोल र वडास्तरिय योजना तर्जुमा प्रक्रियामा बालबालिका, किशोरकिशोरी, आमासमूह, बाल अधकिार समितिहरूको सहभागिता गरी | | | | | | बालक्लव, किशोरीसमुह, बाल संरक्षण समिति | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाल केन्द्रित योजना पहिचान एवं समावेश गर्ने | | | | | | | | |
| ६ | मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा | | | | | | विद्यालय, बाल क्लव | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ० |
| ७ | सडक नाटक, सांस्कृतिक कार्यक्रम र -र्याली संचालन | | | | | | बालक्लव, किशोरीसमुह, बाल संरक्षण समिति | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | २००००० |
| ८ | बिहावारी २० वर्ष पारी अभियान संचालन | | | | | | बालक्लव, किशोरीसमुह, बाल संरक्षण समिति | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| ९ | बालविवाह विरुद्ध,पोस्टर पम्पलेट, होडिङ बोर्ड र भित्तेलेखन | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १००००० |
| १० | वैधानिक तथा सचेतनामुलक सन्देश प्रकाशन तथा प्रशारण (एफ.एम.रेडियो, जिंगल) कार्यक्रम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| उद्देश्यः ३. सँग सम्बन्धित क्रियाकलापहरू | | | | | | | | | |
| १ | बाल अधिकार, बेचबिखन, बालविवाह र बाल यौन दूर्व्यवहार सम्बन्धि समुदायमा तालिम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| २ | बाल अधिकार सुनिश्चित र निर्णय | | | | | | नगरपालिका र | नगरपालिका, वडा | ५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रक्रियामा बाल सहभागिता बृद्धिका लागि स्थानिय स्तरका सँघसंस्थाहरूलाई अभिमुखीकरण कार्यक्रम | | | | | | संघसंस्था | कार्यालय र साझेदार संस्थाहरू | |
| ३ | बाल क्लबका सदस्यहरूलाई बाल अधिकार, बाल संरक्षण तथा बालमैत्री स्थानिय शासन सम्बन्धि तालिम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १२५००० |
| ४ | बाल क्लबका सदस्यहरूलाई नेतृत्व विकास सम्बन्धि तालिम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| ५ | अभिमुखीकरण कार्यक्रम (बाल क्लब, किशोरी समूह, आमासमूह, अभिभावकहरू) | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| ६ | किशोरकिशोरी सचेतीकरण कार्यक्रम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १००००० |
| ७ | विद्यालय तथा समुदायस्तरमा मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | | | | | | विद्यालय, समुदाय र बाल क्लव | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ० |
| ८ | पुरोहित, धामी झाँक्री, मुखिया, अगुवाहरूलाई बालविवाह विरुद्ध अभिमुखीकरण एवं परिचालन गर्ने | | | | | | वडा र समुदाय | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ७५००० |
| ९ | जीवन उपयोगी सीप तथा आत्म रक्षा सम्बन्धि बालबालिकाहरूलाई तालिम | | | | | | नगरपालिका र संघसंस्था | नगरपालिका, वडा कार्यालय र | २००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने | | | | | | | साझेदार संस्थाहरू | |
| १० | विद्यार्थीहरूलाई बाल अधिकार महासन्धी सम्बन्धि सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने | | | | | | नगरपालिका, विद्यालय र संघसंस्था | वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| ११ | बिपद जोखिम न्यूनीकरण सम्बन्धि बाल क्लबलाई तालिम | | | | | | नगरपालिका, विद्यालय र संघसंस्था | वडा कार्यालय र साझेदार संस्थाहरू | ५०००० |
| १२ | राजनैतिक दलका वडास्तरिय प्रमुख तथा प्रतिनिधिहरूसंग नीतिगत वहस एवं बालविवाह विरुद्ध प्रतिवद्धता | | | | | | नगरपालिका र संघसंस्था | वडा कार्यालय र साझेदार संस्थाहरू | २०००० |
| उद्देश्यः ४ र ५ संग सम्वन्धीत क्रियाकलापहरू | | | | | | | | | |
| १ | बालविवाह विरुद्धका घटनाहरू न्यायिक निकाय तथा प्रहरी, वडा कार्यालयहरूमा उजुरीको सहज पहुँच सुनिश्चित गर्ने । | | | | | | बाल क्लव, बाल संरक्षण समिति र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | १०००० |
| २ | विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग सम्वन्ध विस्तार तथा सिफारिस संयन्त्रको विकास गर्ने | | | | | | नगरपालिका | वडा कार्यालय, संघसंस्था र साझेदार संस्थाहरू | ० |
| ३ | बालमैत्री स्थानिय तह सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने तथा बालमैत्री वडा निमार्ण का लागि योजना तर्जुमा गर्ने | | | | | | नगरपालिका | वडा कार्यालय, संघसंस्था र साझेदार संस्थाहरू | १००००० |
| ४ | बालवालिका माथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, | | | | | | बाल क्लव, बाल संरक्षण समिति र | नगरपालिका, वडा कार्यालय र | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्ने विषमा तालिम तथा अन्तरक्रिया संचालन गर्ने । | | | | | | संघसंस्था | साझेदार संस्थाहरू | |
| ५ | बाल हेल्प लाईन १०९८, जिप्रका १०० र महिला बालबालिका सेवा केन्द्र १०४ बारे जानकारी गराउने । | | | | | | बाल क्लव, बाल संरक्षण समिति र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ० |
| ६ | सरकारी तथा गैरसरकारी निकायको सहभागितामा सेवासुविधाबारे जोखिममा परेका बालबालिका र अभिभावकसँग छलफल गर्ने | | | | | | नगरपालिका र संघसंस्था | वडा कार्यालय र साझेदार संस्थाहरू | ४५००० |
| ७ | बालबालिका विरुद्धका घटनाहरूमा घटना अध्ययन गर्ने | | | | | | बाल क्लव, बाल संरक्षण समिति र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ३०००० |
| ८ | घटनाहरूको सूचीकरण गर्ने | | | | | | बाल क्लव, बाल संरक्षण समिति र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ३०००० |
| ९ | मनोसामाजिक सेवा प्रदान गर्ने | | | | | | बाल क्लव, बाल संरक्षण समिति र संघसंस्था | नगरपालिका, वडा कार्यालय र साझेदार संस्थाहरू | ० |
| १० | आकस्मीक बालकोषको संचालन कार्यविधि बनाई बालकोष स्थापना गर्ने | | | | | | नगरपालिका | वडा कार्यालय, संघसंस्था र साझेदार संस्थाहरू | १२५००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बिपन्न तथा कमजोर आर्थिक अवस्था भएका घरपरिवारलाई आर्थिक तथा जिविकोपार्जन सम्बन्धि सहयोग गर्ने | | | | | | नगरपालिका र साझेदार संस्थाहरू | वडा कार्यालय, संघसंस्था र अन्य सरोकारवालाहरू | २००००० |
| १२ | किशोरीहरूलाई जिवन उपयोगी सीप तथा तालिम सञ्चालन गर्ने | | | | | | नगरपालिका र संघसंस्था | वडा कार्यालय, संघसंस्था र साझेदार संस्थाहरू | १२५००० |
| १३ | अनाथ बालबालिकाहरूलाई शैक्षिक तथा आर्थिक सहयोग गर्ने | | | | | | नगरपालिका र संघसंस्था | वडा कार्यालय र साझेदार संस्थाहरू | १००००० |
| उद्देश्य नं. ६ सँग सम्बन्धित क्रियाकलापहरू | | | | | | | | | |
| १ | समन्वय वैठक संचालन गर्ने | | | | | | नगरपालिका र वडा कार्यालय | संघसंस्था, साझेदार संस्था र सरोकारवालाहरू | ५०००० |
| २ | सेवा प्रदायक र स्रोत हरूको पहिचान गरी परिचालन गर्ने | | | | | | नगरपालिका र वडा कार्यालय | संघसंस्था, साझेदार संस्था र सरोकारवालाहरू | ० |
| ३ | तालिम,अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | | | | | | नगरपालिका र वडा कार्यालय | संघसंस्था, साझेदार संस्था र सरोकारवालाहरू | ० |
| ४ | वडा समिति, बाल क्लव, बाल अधकिार समिति, शिक्षक, अभिभावकहरूको सहभागितामा संयुक्त अनुगमन समिति र नगरपालिका तथा वडा समितिले | | | | | | नगरपालिका र वडा कार्यालय | संघसंस्था, साझेदार संस्था र सरोकारवालाहरू | ५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहभागितात्मक संयुक्त अनुगमन गर्ने | | | | | | | | |
| ५ | बालविवाह नगर्ने घरपरिवारहरूलाई सार्वजनिक समारोहका बीच सम्मान गर्ने | | | | | | नगरपालिका र वडा कार्यालय | संघसंस्था, साझेदार संस्था र सरोकारवालाहरू | २५००० |
| ६ | संचालित कार्यक्रमको आवधिक तथा मध्यावधिक मुल्याकंन गर्ने | | | | | | नगरपालिका, संघसंस्था, साझेदार संस्था | वडा कार्यालय र सरोकारवालाहरू | १००००० |
| ७ | बालविवाह मुक्त स्थानीय तह घोषणा कार्यक्रम | | | | | | नगरपालिका, संघसंस्था, साझेदार संस्था | वडा कार्यालय र सरोकारवालाहरू | १००००० |

## २४. सरोकारवाला निकायको पहिचान र भूमिका

| क्र. स. | सरोकारवाला निकाय | भूमिका |
|---|---|---|
| १ | सङ्घीय सरकार (महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय) | ▪ महिला, बालबालिकाको तथा ज्येष्ठ नागरिकको लक्ष्य पुरा गर्न राष्ट्रिय स्तरमा सामाजिक व्यवहार परिवर्तन कार्यक्रमको लागि नीति, रणनीति तथा कार्यक्रम तर्जुमा र यस अनुसार सङ्घीय मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा आवश्यक सहयोग तथा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।<br>▪ सङ्घीय सरकारले बालविवाह विरुद्धका विद्यमान कानुनी प्रावधानलाई कार्यान्वयन गर्ने । |
| २ | प्रदेश सरकार | ▪ स्थानीय तहमा बालविवाह अन्त्य सम्बन्धी नीति नियम तथा बालविवाहको अवस्था मापन निर्देशिका बनाइ कार्यान्वयनमा ल्याउन सहयोग गर्ने ।<br>▪ वि.सं. २०८९ सम्म बालविवाह मुक्त प्रदेश बनाउन सचेतना अभिवृद्धि तथा बालविवाहको कसूरमा हुने कानुनी कारवाही सम्बन्धी सचेतना कार्यक्रमलाई प्रभावकारी रूपमा स्थानीय तहसम्म लैजाने ।<br>▪ विद्यालयमा छोरीहरूको निरन्तरता कायम राखी बालविवाहको जोखिमबाट बचाउन छात्रा शिक्षामा प्राथमिकता दिने ।<br>▪ स्थानीय तहलाई बालविवाह विरुद्ध बजेटको व्यवस्थापन गर्न प्रोत्साहन गर्ने र हानिकारक सामाजिक व्यवहार परिवर्तन सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने ।<br>▪ बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने स्थानीय तहलाई प्रदेशबाट सम्मानको व्यवस्था गर्ने । |
| ३ | प्रदेशको सम्बन्धित मन्त्रालय (महिला बालबालिका, युवा तथा खेलकुद मन्त्रालय) | ▪ प्रदेश स्तरीय बालविवाह न्यूनीकरण सम्बन्धी कार्यक्रमको लक्ष्य प्राप्तिका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी रणनीति तथा कार्यक्रमहरू तर्जुमा गरी बजेट विनियोजन गर्ने ।<br>▪ महिला तथा बालबालिकाहरू सम्बन्धी कार्यक्रमहरूका लागि संघीय सरकारबाट प्राप्त (ससर्त र विशेष अनुदान) बजेटबाट सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलापहरूको लागि बजेट विनियोजन गर्ने ।<br>▪ प्रदेशभित्रका गाउँ/नगरपालिकाहरूलाई बालविवाह |

| | | |
|---|---|---|
| | | न्यूनीकरणको लागि विभिन्न कार्यक्रमहरूमा सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलापको तर्जुमा तथा सञ्चालनको लागि प्राविधिक तथा नीतिगत सहयोग प्रदान गर्ने ।<br>▪ सङ्घ, प्रदेश, स्थानीय तह, अन्तर-मन्त्रालय र साझेदारहरूसँग समन्वय, सहकार्य र पैरवी गर्ने ।<br>▪ स्थानीय तहमा सञ्चालित सामाजिक व्यवहार परिवर्तनको क्रियाकलापहरूको प्रतिवेदनहरूको विश्लेषण गरी मूल्याङ्कन गर्ने । |
| ४ | नगरपालिका | ▪ बालविवाह अन्त्य गर्नका लागि स्थानीय र राष्ट्रिय रणनीतिबीच समाञ्जस्यता कायम गरी कार्यान्वयन गर्ने ।<br>▪ रणनीतिका आधारमा कार्ययोजना तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धित निकायहरू बीच समन्वय गरी नगरपालिका भित्र बालविवाह विरुद्धका कार्यक्रमहरू एकीकृत रुपमा संचालनमा मद्दत पुर्याउने ।<br>▪ बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र प्रभावकारी विनियोजनको व्यवस्थापन गर्ने ।<br>▪ बालमैत्री वडा तथा नगरपालिका स्थापना र विकासका लागि आवश्यक आर्थिक, भौतिक तथा नीतिगत व्यवस्था मिलाउने ।<br>▪ बालबालिका सम्बन्धी कार्यक्रमहरूलाई विकेन्द्रित रुपमा बाँडफाँड गरी बालमैत्री वडा स्थापनामा सहयोग गर्ने ।<br>▪ बालविवाहको जोखिममा परेका वा पहिल्यै बालविवाहमा परेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयन गर्ने गराउने ।<br>▪ असहाय, अनाथ, अशक्त, एवम् श्रममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी प्रोफाइल तयार गर्ने ।<br>▪ बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।<br>▪ बालविवाह विरुद्धका कार्यक्रमहरूको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने । |
| ५ | सामाजिक विकास समिति | ▪ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट पेश गरिएको सामाजिक व्यवहार परिवर्तन क्रियाकलापहरू सहितको बालविवाह न्यूनीकरण सम्बन्धी योजनालाई कार्यपालिकामा |

| | | |
|---|---|---|
| | | पेश गरी आवश्यक स्रोत जुटाउन पहल गर्ने ।<br>▪ बालविवाह न्यूनीकरणका विभिन्न कार्यक्रमहरूमा सामाजिक व्यवहार परिवर्तन क्रियाकलापको लागि सामाजिक विकास समितिमा पैरवी गर्ने ।<br>▪ स्थानीय स्तरमा सञ्चालन भएका बालविवाहका विभिन्न कार्यक्रमहरूको अनुगमन गर्ने र बालअधिकार समिति र महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक शाखालाई आवश्यक मार्ग निर्देशन गर्ने ।<br>▪ बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी रणनीति निर्माण गर्ने । |
| ६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ▪ वार्षिक योजना तयारी प्रक्रिया सुरू हुनु भन्दा अगाडि वा बस्ती भेला हुनुभन्दा अगाडि यस भेलामा प्रस्तुत गर्न बालविवाह न्यूनीकरणको लागि सामाजिक व्यवहार परिवर्तनका क्रियाकलापहरू तयार गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने ।<br>▪ सबै बस्ती भेलाहरूमा वडा स्तरीय बालअधिकार समितिको सहभागिता भएको यकिन गर्ने ।<br>▪ वडा स्तरमा छनोट भएका कार्यक्रमको लागि अनुमानित बजेट तयार गरी कार्यपालिकामा पेश गर्नुअघि सामाजिक विकास समितिका संयोजकसँग कार्यक्रमबारे प्रस्ट पार्ने ।<br>▪ नगरपालिकास्तरीय बालअधिकार समिति तथा वडा स्तरीय बालअधिकार समितिहरूलाई जिम्मेवार बनाई समुदाय स्तरमा बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तनका विभिन्न क्रियाकलापमा सञ्चालन गर्ने ।<br>▪ नगरपालिका स्तरीय बालअधिकार समिति तथा वडा स्तरीय बालअधिकार समितिको क्षमता अभिवृद्धिको लागि कार्यक्रम गर्ने र आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्न अन्य निकायसँग समन्वय गर्ने ।<br>▪ अनुगमन तालिका अनुसार समुदायमा गई कार्ययोजना अनुसार कार्यान्वयको लागिसहयोग गर्ने र सिकाइहरू नियमित साझा गर्ने ।<br>▪ नगर बालअधिकार समिति तथा वडा स्तरीय बालअधिकार समिति तथा सम्बन्धित निकाय वा बालविवाहको क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूसँग बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धमा नियमित छलफल र |

| | | |
|---|---|---|
| | | आवश्यक समन्वय गर्ने।<br>▪ कार्यक्रमको प्रगति विवरणको अभिलेख तथा प्रतिवेदन राख्ने। |
| ७ | योजना शाखा | ▪ बालविवाह न्यूनीकरणका लागि मार्गदर्शन सहित विषयगत शाखा वा महाशाखालाई योजना छनोटका लागि सहजीकरण गर्ने।<br>▪ सम्बन्धित स्थानीय टोल वा वडा स्तरबाट छनोट भएर आएका बालविवाह न्यूनीकरणसँग सम्बन्धी योजनाहरूलाई वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्न प्राथमिकता दिने र कार्यान्वयनमा सहयोग गर्ने। |
| ८ | स्वास्थ्य शाखा | ▪ २० बर्षमुनिका गर्भवती जाँच तथा सुत्केरी जाँच गराउन आएका महिलाहरूको तथ्याङ्क अध्यावधिक गर्ने र महिला तथा बालबालिका शाखालाई यसको अवस्था बारेमा जानकारी गराउने।<br>▪ वार्षिक कार्यक्रम तयार गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखासँग समन्वय गरी बालविवाह न्यूनिकारणका लागि सहयोगी कार्यक्रम तयार गर्ने। |
| ९ | शिक्षा शाखा | ▪ विवाह गरेका तथा स्कुल छाडेका किशोरकिशोरीको तथ्याङ्क अध्यावधिक गर्ने र महिला तथा बालबालिका शाखालाई दिई यसको अवस्था बारेमा जानकारी गराउने।<br>▪ वार्षिक कार्यक्रम तयार गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखासँग समन्वय गरी कार्यक्रम तयार गर्ने। |
| १० | वडा कार्यालय | ▪ रणनीतिका आधारमा वडास्तरीय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।<br>▪ संघसंस्थाहरूको समन्वयमा बालविवाह अन्त्यका लागि वडा, विद्यालय तथा समुदायस्तरमा बालसंरक्षण संयन्त्रहरूको स्थापना, सबलीकरण र परिचालन गर्ने।<br>▪ बालविवाह न्यूनीकरणका लागि विभिन्न सृजनात्मक अभ्यासहरू अपनाउने।<br>▪ बालविवाह विरुद्धको अभियान संचालन गर्न विभिन्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी लगायत आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने।<br>▪ वडालाई बालविवाह मुक्त बनाउन समन्वय, सहकार्य गर्ने र विविध कार्यक्रम संचालन गर्ने।<br>▪ बालविवाहको जोखिममा परेका वा पहिल्यै विवाह भैसकेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान |

| | | |
|---|---|---|
| | | नीतिको कार्यान्वयनमा जोड दिने ।<br>▪ बालविवाह गर्ने गराउने व्यक्ति वा परिवारलाई सार्वजनिक सेवा सुविधाबाट बञ्चित गराउने ।<br>▪ वडास्तरिय नीति, रणनीति, योजना, कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>▪ वडालाई बालमैत्री बनाउनमा आवश्यक कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>▪ बाल संरक्षण सम्बन्धी वडास्तरीय कार्यको अनुगमन तथा मूल्याकंन गरी वडा कार्य समितिमा प्रतिवेदन पेश गर्ने ।<br>▪ वडास्तरीय बालबालिकाको स्थिति प्रतिवेदन वार्षिक रुपमा तयार पारी प्रकाशन गर्ने ।<br>▪ बालविवाह बिरुद्ध जनप्रतिनिधि सहित घरदैलो अभियान संचालन गर्ने ।<br>▪ बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रमको प्रगति विवरण नगरपालिकालाई पेश गर्ने ।<br>▪ बालविवाह नगर्ने, नगराउने र बालविवाह रोक्नमा अनुकरणीय काम गर्ने व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान र प्रोत्साहन गर्ने ।<br>▪ बालविवाहको निम्तोलाई अस्वीकार गरी रोक्न पहल गर्ने ।<br>▪ बालविवाह विरुद्धका कार्यक्रमहरूको प्रभावकारीता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यकता अनुसार कार्यशैली तथा ढाँचामा सुधार ल्याउने । |
| ११ | स्थानीय बाल संरक्षण समिति | ▪ सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको  तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने गराउने ।<br>▪ वडामा बालबालिकाका क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, मञ्च/समूह, सामुदायिक निकायहरूको फेहरिस्त तयार पार्ने ।<br>▪ विभिन्न निकायहरूसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।<br>▪ बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।<br>▪ बालविवाहका घटना तथा बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह |

| | | |
|---|---|---|
| | | गरिदिने । यस्ता घटनाहरूको घटना अध्ययन एवं अध्यावधिक गर्ने ।<br>▪ जोखिममा रहेका बालबालिकाहरूलाई आकस्मिक सहयोगका लागि पहल गर्ने ।<br>▪ वडा बाल संरक्षण कोषको स्थापना तथा परिचालन गर्ने ।<br>▪ बाल अधिकार, बालसंरक्षण र बालविवाहका विरुद्धमा वकालत गर्ने र वडा तहमा बालसंरक्षणलाई प्रभावकारी बनाई बालविवाह अन्त्यका लागि जुटेर काम गर्ने ।<br>▪ बालविवाहको जोखिममा परेका तथा पर्न सक्ने बालबालिकाको संभावित अध्ययन र घटना व्यवस्थापनलाई प्रभावकारि बनाउने ।<br>▪ समुदायमा रहेका बालक्लव, किशोरी/बहिनी समूह, बालविवाह निगरानी समूहहरूको क्षमता अभिवृद्धि गर्ने, कार्ययोजना तयार गर्नेको लागि आवश्यक सहयोग गरी उनीहरूको अभिभावकत्वको भूमिका निर्वाह गर्ने । |
| १२ | स्थानीय बाल अधिकार समिति | ▪ बालविवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाहको तथ्याङ्क अध्यावधिक तथा सङ्कलन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागीको लागि तथ्यमा आधारित नगर स्तरीय बालविवाह न्यूनीकरणका क्रियाकलापहरू पहिचान गरी वार्षिक योजनामा समावेश गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई सहयोग गर्ने ।<br>▪ योजन तर्जुमा समितिबाट कार्यक्रम छनोटमा परे, नपरेको यकिन गर्ने र कार्यक्रम समावेश गराउनको लागि वकालत गर्ने ।<br>▪ आफ्नो नगरपालिकामा सञ्चालित बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप कार्यान्वयन गर्न वडा बालअधिकार समितिलाई सहयोग गर्ने ।<br>▪ वडा स्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने ।<br>▪ कार्यक्रमको प्रगतिको बारेका गाउँ वा नगरपालिका बैठकहरूमा नियमित प्रस्तुत गर्ने । |
| १३ | वडा स्तरीय बाल अधिकार समिति | ▪ नियमित रूपमा आफ्नो वडामा भएको बालविवाह सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र प्रत्येक ३ महिनामा स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।<br>▪ बस्ती स्तरको भेलामा सकृयता पूर्वक सहभागी भई बालविवाह |

| | | |
|---|---|---|
| | | न्यूनिकारणका क्रियाकलापहरू योजनामा समावेश गर्न तथ्य र तथ्यांक सकिहत प्रस्ताव गर्ने ।<br>▪ वडा स्तरीय योजना तर्जुमा समितिबाट कार्यक्रम छनोटमा परे नपरेको यकिन गर्ने र कार्यक्रम समावेश गराउनको लागि पैरवी गर्ने ।<br>▪ आफ्नो वडामा सञ्चालित बालविवाह न्यूनीकरणका लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न वडा कार्यालयलाई सहयोग गर्ने र कार्यक्रममा सहभागी हुने ।<br>▪ वडा स्तरमा चलेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने ।<br>▪ कार्यक्रमको प्रगतिको बारेका स्थानीय बालअधिकार समितिमा प्रस्तुत गर्ने ।<br>▪ वडामा रहेका बालक्लव, सञ्जालको सूची तयार गरी स्थानीय बालअधिकार समितिमा पेश गर्ने र कार्यक्रममा समेट्ने । |
| १४ | सञ्चार माध्यम | ▪ बालविवाह विरुद्धका कानूनी तथा नीतिगत प्रावधानका बारेमा समुदायस्तरमा सचेतना जगाउने खालका सामग्रीहरूको उत्पादन र प्रसारण तथा प्रकाशन गर्ने ।<br>▪ बालविवाहबाट बालबालिकाको जीवनमा पर्ने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लंघन गर्दा हुने सजाँयका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम संचार माध्यम मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।<br>▪ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने बालअधिकार, बालसंरक्षण र बालविवाहका विषयहरूलाई प्राथमिकतामा राखी सञ्चार माध्यमको पहुँचमा ल्याउने ।<br>▪ बालविवाह विरुद्धका विषयमा नियमित लेख तथा रचनाहरू प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने र बाल सहभागिताको अधिकारलाई सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने । |
| १५ | विद्यालय | ▪ सबै बालबालिकाको लागि विद्यालय भर्नाको प्रबन्ध मिलाई नियमित अध्ययनको व्यवस्था मिलाउने ।<br>▪ बालक्लब र किशोरी/बहिनी समूहको गठन, पुनर्गठन, सबलीकरण र परिचालन गर्ने ।<br>▪ बालअधिकारको सुनिश्चितताका लागि बालक्लब र |

| | | |
|---|---|---|
| | | किशोरी/बहिनी समूहहरूको अगुवाईमा विविध किसिमका अतिरिक्त क्रियाकलाप संचालन गर्न लगाउने।<br>▪ बालबालिकासँग लुकेर बसेका बाल अधिकार हनन लगायतका अन्य समस्याहरूको पहिचान गरी समाधानका लागि सुझाव/उजुरी पेटिकालाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउने।<br>▪ विद्यालयमा नियमित नहुने, शैक्षिक रुपमा कमजोर र बालविवाह तथा बालश्रमको जोखिममा पर्न सक्ने बालबालिकाहरूको पहिचान गरी निजको अभिभावकहरूसँग नियमित छलफल र अन्तरक्रिया मार्फत समस्या समाधान गर्ने।<br>▪ बालविवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बालविवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम तथा परामर्श कक्षाहरू संचालन गर्ने।<br>▪ बालविवाह विरुद्धका क्रियाकलापहरूलाई विद्यालयको वार्षिक कार्यपात्रोमा समेटि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।<br>▪ बालमैत्री विद्यालयको अवधारणामा आधारित आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत संभार, डेस्क, बेन्च, गुणस्तरीय शिक्षा, खेलकुद तथा मनोरञ्जन, विद्यार्थी र शिक्षकको अनुपात, सम्मानजनक सिकाइको व्यवस्थाका लागि उचित प्रबन्ध मिलाउने।<br>▪ बालविवाह विरुद्धका क्रियाकलापलाई प्रभावकारी रुपमा संचालन गरी बालविवाह मुक्त विद्यालय घोषणा गर्ने।<br>▪ बालविवाहका असर र रोकथाम बारे अतिरिक्त क्रियाकलाप संचालन गर्ने। |
| १६ | स्वास्थ्य संस्था | ▪ बालविवाहका कारणले बालिकाको स्वास्थ्यमा पर्न सक्ने शारीरिक तथा स्वास्थ्य समस्याहरू र आउन सक्ने असरका बारेमा समुदाय र विद्यालयस्तरमा जनचेतना जगाउने।<br>▪ बालविवाहको विरुद्धमा समुदाय तथा परिवारस्तरमा परामर्शका लागि महिला स्वास्थ्य स्वयंम् सेविकाको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने।<br>▪ स्वास्थ्य कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र कम उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश र सञ्चालन गर्ने।<br>▪ बालविवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गरी संचालन गर्ने। |

| | | |
|---|---|---|
| | | ▪ स्वास्थ्य केन्द्र र स्वास्थ्य क्लिनिकहरू मार्फत असहाय तथा आर्थिक रुपले विपन्न वर्गका बालबालिकाको लागि निःशुल्क स्वास्थ्य सेवा तथा सुविधाको प्रबन्ध मिलाउने ।<br>▪ बालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरूको पहिचान गरी उनीहरू र उनीहरूको अभिभावकलाई परामर्श प्रदान गर्न महिला स्वास्थ्य स्यंम् सेविकाहरूलाई परिचालन गर्ने ।<br>▪ किशोरकिशोरीहरूलाई प्रजनन स्वास्थ्यबारे जानकारी प्रदान गर्ने ।<br>▪ बालविवाह र स्वास्थ्य शिक्षा सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने । |
| १७ | स्थानीय प्रहरी कार्यलय | ▪ शान्ति सुरक्षाको प्रत्याभूति गर्ने ।<br>▪ बालबालिकालाई शोषण गर्ने तथा बाल अधिकारको बर्खिलाप गर्नेलाई आवश्यक कानूनी दायराभित्र ल्याई कारवाही गर्ने ।<br>▪ बालविवाहसँग सम्बन्धित विकृति, विसंगतिहरूको अन्त्यका लागि स्थानीय संघ संस्थाहरूसँग मिलेर कार्य गर्ने ।<br>▪ घरेलु हिंसाबाट बालबालिकाको उद्धार गरी जोखिमबाट जोगाउने ।<br>▪ बालबालिकामाथि भएको अपराध नियन्त्रण एवं अनुसन्धान गर्न वैज्ञानिक विधिहरूको अवलम्बन गरी दोषीलाई सजाँय दिलाउने ।<br>▪ बालविवाह कानूनी अपराध हो भनी समुदायमा सचेतना जागरण गर्ने ।<br>▪ बालविवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानून तथा स्थानीय स्तरमा तय गरिएका कानूनको कार्यान्वयन गर्न र अन्य सामाजिक कुप्रथाको अन्त्य सहयोग गर्ने ।<br>▪ विद्यमान नीति र कानून अनुसार बालविवाह गर्ने गराउने व्यक्तिहरूलाई कानून बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ समुदायस्तरमा बालविवाहसँग सम्बन्धित कानूनी प्रक्रिया, उजुरी गर्ने प्रक्रियाका बारेमा संचेतनाका क्रियाकलाप संचालन गर्ने ।<br>▪ विद्यालयस्तरमा किशोरकिशोरीहरूसँग बालविवाह र कानूनी उपचार विषयक अन्तरक्रियाहरू संचालन गर्ने ।<br>▪ सामुदायिक प्रहरीले समुदायमा चेतनामूलक कार्यक्रम संचालन गर्ने । |

| | | |
|---|---|---|
| | | ▪ बालविवाह विरुद्ध र बाल अधिकार हननका विषयमा उजुर गरिएका घटनाहरूमाथि आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने । |
| १८ | नागरिक समाज/गैरसरकारी संस्था | ▪ बालविवाह अन्त्यका लागि बनेको स्थानीयस्तरको रणनीतिलाई सफल पार्नका लागि बाल संरक्षण सम्बन्धि संयन्त्रहरूको स्थापना, सबलीकरण, क्षमता विकास र परिचालनमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।<br>▪ बालविवाहको अन्त्यका स्थानीय सरकारसँगको सहकार्यमा विविध किसिमका कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।<br>▪ बालविवाह विरुद्ध पैरवी तथा सचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।<br>▪ बालबालिका लक्षित कार्यक्रमहरूको निर्माण र संचालन गर्दा गाउँपालिका तथा वडा कार्यालयसँग समन्वय तथा सहयोग गर्ने ।<br>▪ बालविवाहको अन्त्य गर्ने कार्यमा गाउँपालिका, वडा, विद्यालय र समुदायस्तरमा विभिन्न संरचनासँग सहकार्य गर्ने ।<br>▪ बालविवाहका घटनाहको उजुरी भएको अवस्थामा कानुनी उपचार तथा प्रक्रियाका बारेमा सहयोग गर्ने । |
| १९ | राजनैतिक दल | ▪ बालविवाह रोक्न आवश्यक पहल गर्ने ।<br>▪ सरोकारवाला सबैलाई सल्लाह सुझाव दिने ।<br>▪ बालविवाह सम्बन्धी आचारसंहिता निर्माण र कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने । |
| २० | बाल क्लब/बाल संजाल/किशोरी समूह | ▪ बालबालिकासँग सम्बन्धित समस्याहरूको पहिचान गरी नीति निर्माण तथा कार्यान्वयनमा सहभागी भई सहयोग पुर्याउने ।<br>▪ बालविवाह अन्त्यका लागि व्यापक अभियानहरू संचालन गर्ने ।<br>▪ नियमित बैठक संचालन गर्ने र बालविवाह विरुद्धका क्रियाकलापहरूको निर्माण तथा कार्यान्वयन गर्ने ।<br>▪ बालबालिकासँग लुकेर रहेका समस्याहरू उजुरी पेटिका मार्फत पत्ता लगाई समाधानका लागि विद्यालय प्रशासनलाई जानकारी गराउने ।<br>▪ बालअधिकारका विषयमा र बालविवाह विरुद्ध सचेतनाका लागि नियमित रुपमा किशोरकिशोरीहरूसँग अन्तरक्रिया तथा छलफल गरी मासिक रुपमा प्रतिवद्धता र प्रतिवद्धता प्रगति घोषणा गर्ने ।<br>▪ विद्यार्थी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा गर्ने गराउने । |

| | | |
|---|---|---|
| | | ▪ विद्यालयमा अतिरिक्त क्रियाकलापहरूको तर्जुमा तथा संचालनमा नेतृत्वदायी भूमिका खेल्ने ।<br>▪ कक्षा मोनिटरसँग मासिक रुपमा बैठकहरू गरी विद्यालय नियमित नहुने, पूरा समय विद्यालयमा नबस्ने, पढाइमा कमजोर, विद्यालय अनुशासनमा नरहने, बालविवाह, बालश्रम र विद्यालय ड्रप आउटको जोखिममा रहेका बालबालिकाहरू पत्ता लगाई आवश्यक छलफल तथा परामर्श मार्फत समस्या समाधान गर्न विद्यालय तथा बालसंरक्षण समितिलाई सहयोग गर्ने ।<br>▪ बालविवाह र बालश्रमको जोखिममा रहेका बालबालिकाहरूको अभिभावकलाई भेट्ने र परामर्श तथा सुझाव सल्लाह मार्फत त्यस्ता घटना हुन नदिन आवश्यक पहल गर्ने ।<br>▪ बालविवाहलाई रोक्ने प्रयास गर्दा गर्दै पनि घटना घटेको खण्डमा नजिकको प्रहरी कार्यालय, बालसंरक्षण समिति वा वडा/नगरपालिका कार्यालयमा उजुरी गर्ने र आवश्यक कारवाहीको लागि वकालत गर्ने ।<br>▪ बालविवाह मुक्त विद्यालय घोषणा प्रक्रियामा नेतृत्वदायी भूमिका खेल्ने ।<br>▪ सम्बन्धित विद्यालय क्षेत्रभित्रको समुदायमा हुने जुनसुकै उमेर र जुनसुकै किसिमका विवाह गर्दा सम्बन्धित व्यक्ति वा निजको अभिभावकले अनिवार्य रुपमा बालक्लबको सिफारिस लिने प्रणालीको विकास गराउने । |
| २१ | परिवार/अभिभावकहरू | ▪ आफ्नो बालबालिकालाई नियमित विद्यालय पठाउने र आवश्यक पोषाक, शैक्षिक सामग्री लगायत घरमा पनि पढ्ने वातावरण मिलाउने ।<br>▪ बालबालिकाका कुरा सुन्ने, बुझ्ने, उचित मार्ग निर्देशन दिने, स्याबासी र हौसला प्रदान गर्दै निर्णय प्रक्रियामा सहभागी गराउने ।<br>▪ स्वास्थ्य, सरसफाई अनुशासन लगायतका विषयमा व्यवहारिक ज्ञान दिने ।<br>▪ पारिवारिक विभेदको अन्त्य गरी बालमैत्री घरको विकास गर्ने ।<br>▪ किशोरावस्थामा पुगेका बालबालिकाहरूसँग मित्रवत् व्यवहार गर्ने, उनीहरूका समस्यालाई उच्च प्राथमिकतामा राख्ने र उचित मार्गदर्शन प्रदान गर्ने ।<br>▪ आफ्नो बालबालिकाहरूको संगत कस्तो व्यक्तिसँग भइरहेको छ, विद्यालय नियमित छन् कि छैनन्, पढाईमा कत्तिको रुचि |

| | | |
|---|---|---|
| | | दिइरहेका छन्, समयमै घरमा आउने गरेको छ कि छैन, अकस्मात कुनै व्यवहारिक परिवर्तन आएको त छैन भन्ने जस्ता कुराहरूको नियमित ख्याल गर्ने र यदि केहि कुरामा समस्या देखिएको छ भने तुरुन्तै समाधानको प्रयासमा लाग्ने ।<br>▪ आफ्नो बालबालिकाहरूको भविष्यप्रति सधै सचेत रहने र २० वर्ष उमेर नपुगुन्जेलसम्ममा विवाहको कुरा सोच्दै नसोच्ने र यसबारे बालबालिकाहरूलाई पनि सचेत गर्ने । |
| २२ | समुदायमा आधारित समूह तथा संस्थाहरू | ▪ बालबालिकालाई विद्यालय पठाउने कार्यमा सहयोग गर्ने ।<br>▪ आ-आफ्नो टोल, संगठन, क्षेत्रमा बालबालिकाको हकअधिकार स्थापना गर्न कार्यक्रम बनाई विविध कार्यक्रम गर्ने र अनुगमन समेत गर्ने ।<br>▪ बालबालिका सम्बन्धी सही सूचना राख्ने र आवश्यकता बमोजिम संप्रेषण गर्ने ।<br>▪ जनचेतनामूलक कार्यक्रमहरू संचालन गरी बालमैत्री समुदाय स्थापना अभियानमा सहयोग गर्ने । |
| २३ | बालविवाह निगरानी समूह | ▪ विभिन्न निकायहरूसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरू समुदायस्तरमा संचालनमा नेतृत्व गर्ने ।<br>▪ बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।<br>▪ बालविवाहको जोखिममा रहेका बालबालिकाहरूको पहिचान गर्ने र बालविवाहका घट्नाहरू रोक्नका लागि सम्बन्धित बालबालिका र उनीहरूको परिवारलाई परामर्श तथा सल्लाह प्रदान गर्ने ।<br>▪ बालविवाहका घटना तथा बालअधिकार हननका घट्नाहरू रोक्न खोज्दाखोज्दै पनि घटेमा सम्बन्धित निकायमा उजुरी गर्ने र उजुरी उपर समन्वयकारी भूमिका निर्वाह गरिदिने ।<br>▪ बालविवाहमुक्त नगर वा समुदाय घोषणा प्रक्रियामा आवश्यक सहयोग गर्ने । |
| २४ | आमा समूह | ▪ बालविवाह विरुद्धको क्रियाकलापहरू एवं बैठकहरू आयोजना गर्ने, बालविवाह गर्नेलाई तिरस्कार गरी विवाहमा उपस्थित नहुने वातावरण तयार गरी बालविवाह रोक्न प्रेरित गर्ने । |
| २५ | वडा सचिव | ▪ वार्षिक योजना तर्जुमाको लागि वडा बालअधिकार समितिलाई परिचालन र बस्ती स्तरको भेलामा समितिको सहभागिता यकिन गर्ने ।<br>▪ बालविवाह न्यूनीकरणका लागि क्रियाकलाप वडा समितिमा |

| | | |
|---|---|---|
| | | पारितको लागि पैरवी गर्ने ।<br>▪ वडा स्तरमा बालविवाह न्यूनीकरणका क्रियाकलापहरू कार्यान्वयन गर्ने ।<br>▪ वडा बालअधिकार समिति तथा अन्य बालअधिकार संरचनाहरूको परिचालन गर्ने । |

## २५. श्रोत व्यवस्थापन

यो रणनीतिक योजना कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन नगर कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरूको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै सम्बन्धित सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य समेत गर्न सकिनेछ ।

## २६. रणनीति कार्यान्वयन समिति

बालविवाह अन्त्यका लागि रणनीतिक योजनाको प्रभावकारी एवं व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा रणनीतिसंग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरू तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको एक रणनीति कार्यान्वयन समिति रहनेछ ।

**देहाय**

| | |
|---|---|
| १. सामाजिक विकास समितिको संयोजक | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. योजना शाखा प्रमुख | सदस्य |
| ४. स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ५. शिक्षा शाखा प्रमुख | सदस्य |
| ६. महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| ७. सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

२६.१ रणनीतिक योजना कार्यान्वयन समितिको सचिवालयको रुपमा सामाजिक विकास शाखाले कार्य गर्नेछ ।

२६.२ समितिको बैठक त्रैमासिक रुपमा बस्नु पर्नेछ । बैठक बसेको सात दिनभित्र रणनीति कार्यान्वयनको अवस्था एवं सुधार गर्नु पर्ने पक्षहरूको बारेमा नगर कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ ।

२६.३ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गर्न वा आवश्यक अन्य विषयमा सम्बन्धित सरोकारवालाहरूको सल्लाह सुझाव लिन सकिनेछ ।

२६.४ रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालाहरूसंग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन) निर्माण गर्नेछ ।

२६.५ समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ।

## २७. अनुगमन तथा मूल्याङ्कन

बालविवाह अन्त्यका लागि रणनीतिक योजनाको अनुगमन तथा मुल्याङ्कन गर्न उपप्रमुखको संयोजकत्वमा एक जना कार्यपालिका सदस्य र एक जना कर्मचारी सम्मिलित तीन सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिनेछ। अनुगमन समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा नगर कार्यपालिकाबाट प्राप्त सल्लाह सुझाव बमोजिम सम्बद्ध सरोकारवालाहरूसंगको छलफल एवं परामर्शमा रणनीतिक योजनामा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरू समेटिएको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाले रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न सक्नेछ । नगर कार्यपालिकाको सल्लाह र परामर्शमा रणनीति कार्यान्वयन समितिले रणनीतिक योजनाको कार्यान्वयन र प्रभावकारिता बारे तेश्रो पक्ष वा स्वतन्त्र परामर्शदाताहरूबाट रणनीतिको आवधिक मूल्यांकन वा प्रभाव मूल्यांकन गरी गराई प्राप्त सुझाव अनुसार रणनीतिक योजनामा आवश्यक सुधार गर्दै लगिनेछ। यो रणनीतिक योजना कार्यान्वयनको सिलसिलामा परोहा नगरपालिकाले देहाय अनुसारको व्यवस्था गर्न सक्नेछ।

२७.१ नगरपालिकाका सबै वडाहरूबाट बालविवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गर्नका लागि प्रभावकारी लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने।

२७.२ कार्ययोजनामा उल्लेख भए अनुसारका क्रियाकलाप, श्रोत साधन परिचालन लगायत अनुगमन तथा मूल्यांकन कार्यमा नगरपालिकाले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्ने।

२७.३ नगर कार्यपालिका र वडा कार्यालयहरू सहित रणनीति कार्यान्वयन गर्ने सबै सरोकारवालाहरूलाई यो रणनीतिक योजनाको कार्यान्वयनमा सूचक सहितको अनुगमन गर्ने विधिबारे प्रशिक्षण दिने।

२७.४ यो रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै ढाँचा (Template) मा प्रतिवेदन पेश गर्ने परिपाटी बसाल्ने।

२७.५ बालविवाहबाट पीडित र प्रभावितहरू प्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायता बारे वडा कार्यालयहरूको समन्वय र जवाफदेहीतामा सामुदायिक अनुगमन तथा मूल्यांकन प्रणाली सम्बन्धी निर्देशिका तयार गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने।

२७.६ प्रत्येक चौमासिकमा अन्य विकास कार्यक्रमहरूको अनुगमन एवं प्रगति समिक्षासंगै यस रणनीतिक योजनाका कार्यक्रम र क्रियाकलाको कार्यान्वयन स्थितिबारे अनुगमन तथा प्रगति समिक्षा गर्ने।

२७.७ अनुगमनको नतिजा बारे नगरपालिकाको समिक्षा गोष्ठीमा स्पस्ट रूपमा समावेश गर्ने।

२७.८ बालविवाह तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि नगरपालिकाबाट भएका समग्र प्रयासहरू बारे एकीकृत रूपमा वार्षिक प्रतिवेदन तयार पारी प्रकाशित गर्ने।

## २८. जोखिम पहिचान तथा व्यवस्थापन

बालविवाह अन्त्यका लागि रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरू पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ। रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### २८.१ सम्भावित जोखिमहरू

क. स्रोतको व्यवस्थापन

ख. विभिन्न निकायहरू बीच समन्वय र सहकार्य

ग. कार्यान्वयन क्षमताको कमी

घ. अनुगमन तथा मूल्यांकनको प्रभावकारिताको अभाव

### २८.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने पक्षहरू

क. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरूसंग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

ख. रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरूलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने,

ग. पालिकाभित्र बालबालिकाको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवं संघसंस्थाहरू बीच साझा बुझाई कायम गर्ने,

घ. रणनीतिक योजना कार्यान्वय समितिमा रहेका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने,

ङ. बालविवाह अन्त्यका लागि कार्यक्रमहरूको सञ्चालन गर्न आवश्यकता अनुसार विभिन्न निकाय, संघ संस्थाहरूसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।

## अनुसूची-१

## बालविवाह सम्बन्धी सुचकहरूको अवस्था मापन चेकलिस्ट

| सूचकहरू | तथ्यांकको स्रोत उपलब्ध छ/छैन | कुन तथ्यांक स्रोत प्रयोग गरियो | हालको तथ्याङ्कको वर्ष | अवस्था (प्रतिशत/ दर/संख्या) | अंकभारको निर्देशिका | प्राप्तांक |
|---|---|---|---|---|---|---|
| **प्रजनन् स्वास्थ्य** | | | | | | |
| १. २० वर्ष भन्दा कम उमेरको गर्भावस्थाको प्रतिशत | | | | | >१०% = ० <br> <१०% = १ | |
| कुल प्रजनन् स्वास्थ्य अंक | | | | | १ | |
| **शिक्षा** | | | | | | |
| २. आधारभूत तहमा (कक्षा ८) छात्राको कुल विद्यालय भर्ना दर | | | | | <६०% = ० <br> >६०% = १ | |
| ३. माध्यमिक तहमा (कक्षा १०) छात्राको कुल विद्यालय भर्ना दर | | | | | < २५% = ० <br> >२५% = १ | |
| ४. आधारभूत तहमा (कक्षा ८) छात्राको विद्यालय छोड्ने दर | | | | | >४% = ० <br> <४% = १ | |
| ५. माध्यमिक तहमा (कक्षा १०) छात्राको विद्यालय छोड्ने दर | | | | | >२% = ० <br> <२% = १ | |
| कुल शिक्षा अंक | | | | | ४ | |
| **समुदाय** | | | | | | |
| ६. स्थानीय बाल अधिकार समितिको सक्रियता | | | | | छैन = ० <br> छ = १ | |
| ७. स्थानीय बाल अधिकार समितिमा बालविवाह सम्बन्धी उजुरीहरूको संख्या | | | | | >३ = ० <br> <३ = १ | |
| ८. प्रहरी निकायमा बालविवाह सम्बन्धी उजुरीहरूको संख्या | | | | | >३ = ० <br> <३ = १ | |
| कुल समुदाय/समाज अंक | | | | | ३ | |
| **धारणा** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. २० वर्ष उमेर पूरा नभएको केटीसँग छोराको विवाह गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | <९०% = ०<br>>९०% = १ | |
| १०. छोरीको विवाह २० वर्ष उमेर पूरा नहुँदै गर्नु हुदैन भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | <९०% = ०<br>>९०% = १ | |
| ११. उमेर नपुगी (२० वर्ष उमेर पूरा नहुँदै) केटीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउँदा जटिलताहरू हुने खतरा हुन्छ भन्ने कुरामा सहमत हुने अभिभावकको प्रतिशत | | | | | <९०% = ०<br>>९०% = १ | |
| कुल धारणा अंक | | | | | ३ | |
| **बालविवाहको अनुगमन** | | | | | | |
| १२. २० वर्षको उमेर पूरा नहुँदै विवाह गरेका २० देखि २४ वर्ष उमेर सम्मका पुरुष र महिलाको प्रतिशत | | | | | >१०% = ०<br><१०% = १ | |
| १३. स्थानीय बाल अधिकार समितिको तथ्याङ्कको आधारमा विगतको वर्ष भित्रको विवाह जसमा दम्पती मध्ये एक सदस्यको उमेर २० वर्ष उमेर पूरा नहुँदै भएको संख्या | | | | | > १= ०<br>< १= १ | |
| कुल बालविवाहको अनुगमन अंक | | | | | २ | |
| कुल अंक | | | | | १३ | |

## सन्दर्भ सामग्रीहरू


१. नेपालको संविधान, २०७२

२. मुलुकी अपराध संहिता ऐन, २०७४

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४. बालबालिका सम्बन्धि ऐन, २०७५

५. संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९

६. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

७. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

८. बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति, २०६८

९. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्य विधी, २०६८

१०.बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५

११.समग्र राष्ट्रिय कार्ययोजना (२०७०/७१-२०७४/७५)

१२.नेपालमा बालबालिकाहरूको स्थिति, २०७९

१३.स्थानीय तहमा बाल संरक्षण

१४.नेपालको पन्ध्रौ आवधिक योजना (२०७५/७६-२०७९/८०)